## अध्याय एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

अनुसन्धान भनेको व्यवस्थित एवम् तर्क सङ्गत प्रक्रियाको अवलम्बन गरी नयाँ तथ्य पत्ता लगाउनु र पुरानै तथ्यको परीक्षण र पुनर्व्याख्या गर्नुलाई अनुसन्धान भनिन्छ (बन्धु २०७० : १) । सामान्य अर्थमा नयाँ कुराको खोजी गर्ने कार्यलाई अनुसन्धान भनिन्छ । नयाँ तथ्य पत्ता लगाउन वा पुरानै तथ्यको पुनरावलोकन र पुनर्व्याख्या गर्न अनुसन्धान गरिन्छ । व्यवस्थित एवम् तर्क सङ्गत प्रक्रियाको अवलम्बन गरी नयाँ तथ्य पत्ता लगाउने वा पुरानै तथ्यको पुनर्व्याख्या गर्ने काम अनुसन्धानले गर्दछ । अनुसन्धानको पर्यायवाची शब्दका रूपमा शोध, अन्वेषण, गन्वेषण, खोज, खोजी, शोध खोज जस्ता शब्दहरू प्रयोग हुन्छन् । यसरी कुनै पनि विषयमा गहन अध्ययन गरी त्यसमा रहेको ज्ञानरूपी सत्य वा सारवस्तुको खोजीलाई अनुसन्धान भन्न सकिन्छ ।

भाषा विचार विनिमयको सशक्त माध्यमको रूपमा रहेको हुन्छ । भाषा व्यक्तिको अपरिहार्य वस्तु हो । भाषाकै चौघेरामा जन्मन्छ र त्यही भाषिक वातावरणमा हुर्कदै जान्छ । भाषाको विकास मानवीय विकाससँग क्रमिक रूपमा भएको पाइन्छ । भाषा सुरुमा औच्चार्य र कथ्य रूपमा रहेको र समय क्रमसँगै भाषाले लेख्य रूपमा स्तरीयता प्राप्त गर्दै लगेको पाइन्छ ।

वस्तु शक्तिशाली हुन्छ । एक  हजार शब्दले वर्णन गर्न नसक्ने कुरालाई पनि एउटै वस्तुले सरल र सजिलो तरिकाले बुझाउन सकिन्छ । हरेक पाठ्यपुस्तकमा वस्तुको विशेष महत्त्व रहेको हुन्छ । अझ त्यसमा पनि भाषा पाठ्यपुस्तकमा भाषिक सिप विकासका लागि यसको कम महत्त्व छ भनेर भन्न सकिदैंन । माध्यमिक तहभन्दा निम्न माध्यमिक र निम्न माध्यमिक भन्दा प्राथमिक तहमा वस्तुहरू तुलनात्मक रूपमा बढी उपयोगी एवम् महत्त्वपूर्ण हुन्छन् । विशेष गरी भाषा पाठ्यपुस्तकमा वस्तुहरूका माध्यमले भाषिक अभ्यास सरिक हुनु, सिकाइ उत्प्रेरणा वृद्धि गर्न भाषिक ज्ञान र धारणाको विकास गर्न, पढ्न नसक्ने साना बालबालिकाहरूका लागि बोलाइ सिपको विकास गर्न साथैं अनुकरणात्मक सिपको विकास गर्न निकै मद्दत पुऱ्याएको हुन्छ । शर्मा र पौडेलका अनुसार हजारौं शब्दमा बयान गरेर अर्थ

र धारणामा स्पष्ट पार्न नसकिने कुराहरूलाई एउटै वस्तुका माध्यमले सजिलै र स्पष्ट किसिमले धारणा बसाल्न सकिन्छ ।

वस्तुवर्णन भन्नाले कुनै वस्तु (मूर्ति, प्रतिमूर्ति, वास्तविक वस्तु), चित्र, तस्विर, फोटो आदि हेरी लिखित रूपमा वयान वा वर्णन गर्न लगाउनुलाई वस्तुवर्णन भनिन्छ । वस्तुवर्णन एक प्रकारको कुरा गराई हो, कुनै वस्तुप्रति मनमा भएका कुराहरूलाई लिखित रूपमा व्यक्त गरिएको रूप वस्तुवर्णन हो । चिन्तक वा लेखकका सोचाइ, विचार, आग्रह प्रतिभा खुबीको नाप जोख वस्तुवर्णनबाट हुन्छ । यसले लेखक र विषयका बिच सम्बन्ध जोड्ने साँघुका रूपमा काम गरेको हुन्छ । मनमा उन्मुक्त विचारहरू आफ्ना अनुभवले रँगाएर वा तटस्थ रही विषयको नाली बेली दिएर केही कुरा लिपिबद्ध गर्दा वस्तुवर्णनको रूप बन्छ । यति मात्र होइन, उन्मुक्त विचारभित्र पनि परस्पर शृङ्खलित बन्धन, क्रमिक विचार यात्रासित पनि छरिएको अनुभूति र गद्यात्मक प्रस्तुति वस्तुवर्णनका आफ्ना गुण  हुन् ।

वस्तुवर्णन कार्यकलाप गराउँदा मौखिक अभिव्यक्ति तिखार्न मौखिक रूपमा पनि सञ्चालन गर्न सकिन्छ । यो एक किसिमको अभ्यासयिक किसिमकै कार्यकलाप हो । त्यसो भए पनि प्रत्येकको वयान गर्ने ढाँचा र तरिका फरक फरक हुन सक्ने हुँदा मौलिक अभिव्यक्ति विकासमा पनि यसले महत्त्वपूर्ण टेवा पुऱ्याएको हुन्छ । स-साना कक्षाका लागि आवश्यक र प्रेरक मानिने यस कार्यकलापलाई माध्यमिक तहसम्म पनि केही हदसम्म विस्तार गर्न सकिन्छ, तर ती विशिष्ट खाले वस्तु वा अमूर्त र भावनात्मक दृश्य चित्रहरूका रूपमा क्रमशः स्तरीकृत हुँदै जानु आवश्यक छ । कुनै पनि वस्तुलाई नियालेर हेर्ने र त्यसका कलात्मक, वस्तुगत एवम् भावात्मक पक्षहरूको व्याख्या, वर्णन र विवरण दिने खुबी वा क्षमता विकासमा यो कार्यकलाप निकै प्रभावकारी मानिन्छ । यसका साथै मौखिक सौन्दर्यपरक, तार्किक र सूक्ष्म विवरण प्रस्तुति सहितको सरल, रोचक र लेखन क्षमता विकास गर्न समेत यो कार्यकलाप निकै महत्त्वपूर्ण मानिन्छ ।

मानवका नाताले अनुभूतिको स्तर समान धर्मी जस्तै देखिए पनि अध्ययन र साधनको घटवढले अभिव्यक्तिलाई  पनि प्रभाव पारेको हुन्छ, किनभने वस्तुवर्णन पनि एक कला हो । अध्ययन र अभ्यासले अभिव्यक्तिमा परिपक्कता आउँछ । सिपमा जति परिपक्कता आयो लिखत वस्तुवर्णन पनि त्यत्तिकै प्रौढ बन्न पुग्छ । प्रस्तुत ‘अध्ययन बझाङ जिल्लाका कक्षा तिनमा अध्ययनरत विद्यार्थीहरूको वस्तुवर्णन क्षमताको  अध्ययन’ गरिएको छ ।

## १.२ समस्याकथन

ज्ञान तथा विचारको आदान प्रदान गर्ने माध्ययमका रूपमा भाषालाई लिन सकिन्छ। भाषा आदान प्रदान गर्ने कार्यका रूपमा सुनाइ, पढाइ आदानात्मक भाषिक सिप हुन्, भने बोलाइ र लेखाइ प्रदानात्मक सिप हुन् ।

भाषा विचार विनिमय तथा ज्ञान आर्जनको महत्त्वपूर्ण माध्यम हो । भाषामा चार भाषिक सिपहरू एक आपसमा अन्तर्सम्बन्धित रहेका छन् । सुरुमा सुनाइ र बोलाइबाट नै भाषाको आर्जन गरिन्छ र त्यसपछि लेखाइ सिपको आवश्यकता पर्दछ । लेखाइ सिपले अभिव्यक्तिलाई स्थिरता सञ्चित र चिरस्थायी बनाउने काम गर्दछ । गुम्सिएर रहेका विचारहरूलाई वस्तुवर्णन सिपले के-कस्तो दक्षता प्राप्त गरेका छन् र उनीहरू आफ्ना विचारलाई के कति शृङ्खलाबद्ध रूपमा अभिव्यक्ति गर्न सक्दा रहेछन् भन्ने विषय नै यस अध्ययनको मुख्य समस्याका रूपमा रहको छ । त्यसैले प्रस्तुत शोधकार्यमा निम्न लिखित समस्यामा आधारित भई अध्ययन कार्यलाई अगाडि बढाइएको छ :

क) कक्षा तिनमा अध्ययनरत विद्यार्थीहरूको वस्तुवर्णन क्षमता कस्तो छ ?

ख) विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको वस्तुवर्णन क्षमता कस्तो छ ?

ग) लैङ्गिक आधारमा विद्यार्थीहरूको वस्तुवर्णन क्षमता कस्तो छ ?

## १.३ शोधको उद्देश्य

लेखन क्षमता अध्ययनको मुख्य उद्देश्य विद्यार्थीको लेखन सिप पहिचान गर्नु हो । लेखन सिपको विकासमा वस्तुवर्णनलाई प्रमुख कार्यकलापका रूपमा लिइने हुँदा प्रस्तुत शोध उद्देश्य बझाङ जिल्लाका कक्षा तिनका विद्यार्थीहरूको स्तर, रुचि, क्षमता, आवश्यकता र मनोविज्ञानको ख्याल गर्दै विद्यालयको प्रकृति र लैङ्गिक आधारमा वस्तुवर्णन क्षमता पहिचान गरी आवश्यक सल्लाह र सुझाव दिनुमा केन्द्रित रहेको छ । प्रस्तुत शोधपत्र 'बझाङ्ग जिल्लाका कक्षा तिनमा अध्ययनरत विद्यार्थीहरूको वस्तुवर्णन क्षमताको अध्ययन' का उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) कक्षा तिनमा अध्ययनरत विद्यार्थीहरूको वस्तुवर्णन क्षमताको पहिचान गर्नु,

ख) विद्यालयका प्रकृतिका आधारमा विद्यार्थीहरूको वस्तुवर्णन क्षमता पहिल्याउनु,

ग) लैङ्गिक आधारमा विद्यार्थीहरूको वस्तुवर्णन क्षमता पहिल्याउनु ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

भाषाको प्राचीन रूप कथ्य हो तापनि शैक्षिक तथा प्रशासनीक कार्यमा भाषाको लेख्य रूपलाई बढी प्राथमिकता दिइएको छ । लेखाइ सिपको विकास गर्न वस्तुवर्णन प्रक्रिया प्रमुख क्रियाकलापको रूपमा रही आएको छ । विद्यार्थीहरूको विकसित लिखित र संज्ञानात्मक क्षमताको पहिचान गर्ने प्रमुख आधार वस्तुवर्णन क्षमतालाई विशेष जोड दिइएको छ । कुनै पनि विषयमा वस्तु, मूर्ति आदि विषयमा केन्द्रित रहेर सत्यतथ्य र अनुभवका आधारमा गरिने शृङ्खलाबद्ध अभिव्यक्ति नै वस्तुवर्णन हो । वस्तुवर्णनलाई लिखित र मौखिक गरी दुई भागमा बाँडिन्छ । लिखित वस्तुवणर्नमा विद्यार्थी वा सिकारुलाई विभिन्न प्राकृतिक वस्तु स्वनिर्मित वा विभिन्न स्रोतबाट सङ्कलन गरिएका उद्देश्यपरक वस्तु, प्रतिमूर्ति, चित्र, तस्विर आदि दिएर विद्यार्थीहरूलाई त्यसको बारेमा लेख्न लगाइन्छ भने त्यो लिखित वस्तुवर्णन हो, भने मौखिक शिक्षणका लागि कुनै वस्तु वा चित्र दिएर त्यसको विभिन्न पक्षको वर्णन गर्न लगाउनु मौखिक वस्तुवर्णन हो ।

'बझाङ जिल्लाका कक्षा तिनमा अध्ययनरत विद्यार्थीहरूको वस्तुवर्णन क्षमताको अध्ययन' ले प्राथमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूको वस्तु वर्णनात्मक क्षमता पहिचान गर्नु, सम्बन्धित तहका विद्यार्थीहरूको लेखाइ सम्बन्धी क्षमता पहिचान गर्नु, विविध भाषिक पृष्ठभूमि भएका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता पहिचान गर्नु, प्रस्तुत अध्ययनको औचित्य रहेको छ । प्रस्तुत शोधकार्यको सान्दर्भिकतालाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

क) लेखाइ सिपको विकासमा सहयोग गर्न,

ख) विद्यार्थीहरूको संज्ञानात्मक क्षमताको विकास गर्न,

ग) विद्यार्थीहरूको आफ्नो विचार, भावना, इच्छा, कल्पना आदि कुरालाई सिलसिला मिलाइ उपयुक्त वाक्य रचना गरी अभिव्यक्त गर्न,

घ) शिक्षकलाई विद्यार्थीको स्तर बुझेर स्तरीय रूपबाट कक्षा शिक्षण गर्न,

ङ) विद्यार्थीहरूको तह र स्तरअनुसार पाठ्यक्रम तथा पठ्यपुस्तकमा प्रभावकारी एवम् उद्देश्यमूलक विषयवस्तु चयन गर्न,

च) भावी अनुसन्धातालाई सम्बन्धित विषयमा अध्ययन अनुसन्धानका लागि मार्ग निर्देशन गर्न ।

## १.५ शोध परिसीमा

शोधकार्य आफैँमा एक चुनौतीपूर्ण र कठिन कार्य हो । जुनसुकै अध्ययनको क्षेत्र परिवेश तथा सामग्री आदिको सम्भावना शोधकार्यको क्रममा अत्यन्त विस्तृत र व्यापक हुन्छ । अध्ययनको सम्पूर्ण पक्षलाई समेट्न कठिनाइ हुने हुँदा अध्ययनको व्यापकता र गहिराइलाई निश्चित सीमाभित्र सीमाङ्कन गर्नुपर्दछ । प्रस्तुत अध्ययनलाई निम्नानुसार सीमाङ्कन गरिएको छ :

क) बझाङ जिल्लाका विभिन्न स्थानका विद्यालयहरूबाट कक्षा तिनमा अध्ययनरत विद्यार्थीहरूको अध्ययनमा सीमित छ ।

ख) प्रस्तुत अध्ययन बझाङ जिल्लाका कक्षा तिनमा अध्ययनरत पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका विद्यार्थीहरूको अध्ययनमा सीमित छ ।

ग) प्रस्तुत अध्ययनमा छात्र ५० र छात्रा ५० गरी १०० जना विद्यार्थीहरूलाई नमुना छनोटमा सीमित छ ।

घ) शोधकार्यका लागि सङ्कलित तथ्याङ्कलाई लैङ्गिकता, विद्यालयको प्रकृतिका आधारमा व्याख्या तथा विश्लेषणमा सीमित छ ।

## १.६ अध्ययनको रूपरेखा

**अध्याय एक** : शोध परिचय

**अध्याय दुई** : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप

**अध्याय तिन** : अध्ययन विधि र प्रक्रिया

**अध्याय चार** : उद्देश्यको व्याख्या तथा विश्लेषण

**अध्याय पाँच** : सारांश, निष्कर्ष तथा उपयोगिता

**सन्दर्भ ग्रन्थसूची**

**परिशिष्ट**

**व्यक्तिवृत्त**

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप

## २.१ पूर्वकार्यको पुनरावलोकन

शोधकार्य गर्नु पूर्व सम्बन्धित विषय क्षेत्रमा भए गरेका शोध पत्रहरूको व्यवस्थित अध्ययन गरी ती सबै कार्यहरूको समीक्षा गर्नु नै पूर्वकार्यको पुनरावलोकन हो । पूर्वकार्य तथा इतिहासको मूल्याङ्कन नगरिकन अगाडि बढ्न खोज्नु भनेको अनुसन्धानको विषयमा अझै गन्तव्य विहीन हुनु हो । अनुसन्धानलाई उद्देश्यमूलक बनाई सही मार्गमा हिँडाउन पूर्वकार्यको पुनरावलोकन अत्यन्त आवश्यक हुन्छ ।

विद्यार्थीमा निहित भाषासम्बन्धी क्षमतालाई भाषिक क्षमता भनिन्छ । यही विद्यार्थीमा रहेको भाषिक क्षमता पहिचानका लागि बोध अनुसन्धान गरिनु आवश्यक हुन्छ । भाषिक क्षमतासँग सम्बन्धित (श्रुतिबोध, पठनवोध, शब्द भण्डार क्षमता) क्षेत्रहरूमा प्रर्याप्त अनुसन्धानहरू भइसक्दा पनि लेखन क्षमताअन्तर्गत वस्तुवर्णन क्षमतासँग सम्बन्धित अध्ययन अनुसन्धानको भने कमी देखिन्छ वस्तुवर्णन क्षमतामा आधारित भई पूर्वकार्यको पुनरावलोकन गर्दा विगतका शोधपत्रहरूको निम्न रूपमा पुनरालोकन गरिएको छ :

### २.१.१ कृतिगत समीक्षा

लामिछाने (२०६७) द्वारा लिखित **नेपाली भाषा शिक्षण** पुस्तकमा लेखाइ शिक्षण अध्यायमा लेखाइ शिक्षणको महत्त्व र आवश्यकता, लेखाइ शिक्षणका कार्यकलाप, माध्यमिक तहमा लिखित अभिव्यक्ति शिक्षणको महत्त्व, निर्देशन, स्वतन्त्र र सिर्जनात्मक लेखाइमा पाइने कमजोरीहरू तथा तिनका निराकरणका उपायहरू, लेखाइको शुद्धीकरण, शुद्धीकरणमा देखा पर्ने समस्याहरू लिखित अभिव्यक्तिको प्रयोजन, विषय जस्ता उपकशीर्षकहरूमा लेखाइ शिक्षणका कार्यकलाप अन्तर्गत वस्तु, चित्र र घटना वर्णनको वर्णन गरिन्छ । विद्यार्थीहरूलाई कक्षा कोठामा कुनै वस्तु वा चित्रको वर्णन गर्न लगाउन सकिन्छ । लेखन सिप विकासका लागि वर्णन गर्न लगाउने वस्तुहरू विद्यार्थीको सिकाइसँग सम्बन्धित भएमा लिखित अभिव्यक्ति दिन उनीहरूलाई सजिलो हुन्छ । भन्ने कुरा उल्लेख गरिएको छ ।

अधिकारी (२०६९) द्वारा लिखित **नेपाली भाषा शिक्षण** पुस्तकमा लेखाइ शिक्षण अध्यायमा लेखाइ शिक्षणको महत्त्व र आवश्यकता, लेखाइको अन्य सिपसँगको सम्बन्ध,

लेखाइमा प्रयोजनपरक तह, लेखाइमा पाइने कमजोरी र त्रुटी क्षेत्रहरू, लेखाइ शिक्षणका कार्यकलापहरू, लेखाइको शुद्धीकरण, लेखाइ शिक्षणका क्रममा विचार पुऱ्याउनु पर्ने केही विषय जस्ता उपशीर्षकहरूमा लेखाइ शिक्षणका क्रियाकलाप अन्तर्गत वस्तु तथा चित्रवर्णन सम्बन्धी सूचनाहरूलाई चर्चा गरिएको छ । शोधकार्यमा विशेष उल्लेखनीय रहेको यो पुस्तकमा वस्तुवर्णनसम्बन्धी विद्यार्थीलाई के कस्ता कार्यकलापहरू गराइन्छ भन्ने कुराको व्याख्या विश्लेषण गरिएको छ । विद्यार्थीहरूलाई वस्तुवर्णन गराउँदा उनीहरूलाई विभिन्न किसिमका चित्र, मूर्ति वस्तु आदि दिएर लेख्न लगाइन्छ । यसरी उनीहरूको शब्द भण्डार बृद्धि हुनाका साथै लेखाइ सिपको पनि विकास  हुन्छ  भन्ने कुरा उल्लेख गरिएको छ ।

पौडेल (२०७०) द्वारा लिखित **नेपाली भाषा शिक्षण** उल्लेखनीय पुस्तक हो । यस पुस्तकमा लेखनकला शिक्षण अन्तर्गत परिचय प्रकार, लेखन कलाको प्रयोजन, लेखनकला शिक्षणका कार्यकलाप, लेखनकला विकासका प्रारम्भिक कार्यकलाप र लेखनकला विकासका उत्तरवर्ती कार्यकलाप जस्ता उपशीर्षकहरू राखेका छन् । उपशीर्षकहरू मध्य लेखनकला विकासका प्रारम्भिक कार्यकलाप अन्तर्गत वस्तु तथा चित्रवर्णन सहउपशीर्षक राखेर चर्चा गरिएको छ । उक्त कार्यकलाप गर्दा विद्यार्थीलाई विभिन्न किसिमका चित्र, तस्विर, फोटो प्रति मनमा उब्जेका भावहरू लेख्न लगाइने कुरा उल्लेख गरिएको छ । यस कार्यकलापले पनि वस्तुवर्णन सम्बन्धी महत्त्वपूर्ण भूमिका खेलेको छ ।

शर्मा र पौडेल (२०६७) द्वारा **नेपाली भाषा र साहित्य शिक्षण** पुस्तक प्रकाशित छ । उक्त पुस्तकमा वक्तृता शिक्षणका प्रक्रिया तथा कार्यकलाप अन्तर्गत वस्तुवर्णनको पनि चर्चा गरिएको छ । त्यस्तै उक्त पुस्तकमै लिखित अभिव्यक्ति सिप वा लेखन कला विकासका प्रारम्भिक कार्यकलापहरू अन्तर्गत पनि वस्तुवर्णनको चर्चा गरिएको छ । विद्यार्थीलाई वस्तुवर्णन गराउदा लिखित र मौखिक दुबै तरिकाले गर्न सकिन्छ । भन्ने कुरा उल्लेख गरिएको  छ । लिखित वस्तुवर्णन गराउदा कुनै चित्र वा वस्तु, मूर्ति, प्रतिमूर्ति, तस्विर, फोटो हेरी लिखित रूपमा वयान वा वर्णन गर्न लगाउनु पर्छ भने मौखिक रूपमा त्यसको बारेमा भन्न लगाइन्छ । यसरी वस्तुवर्णनले विद्यार्थीको लेखाइ र बोलाइको विकास गराउँछ ।

### २.१.२ शोध कार्यहरूको समीक्षा

अधिकारी (२०६४) द्वारा **कक्षा छ पूरा गरेका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्यययन** शीर्षकमा शोध अध्ययन भएको पाइन्छ । उक्त अध्ययनमा कक्षा सातमा अध्ययन गर्दै गरेका विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याउँनु, भाषिक पृष्ठभूमि स्थानीय स्तरमा लैङ्गिकताको आधारमा विद्यार्थीहरूको पठनबोध क्षमता पहिचान गर्नु, पठनबोध क्षमताको विकास गर्नु जस्ता उद्देश्यहरू निर्धारण गरी आफ्नो अनुसन्धानात्मक प्रतिवेदनसँगसम्बन्धित सामग्रीहरूको सङ्कलन गराइ विद्यार्थीहरूमा सिकाइ स्तरमा स्थानीय पृष्ठभूमिका आधारमा उपयुक्त शिक्षण कौशलको प्रयोग गरी अध्ययन गरिएको पाइन्छ । यसमा छात्र छात्रा बिचको कुनै विभेद नभएको निष्कर्ष निकालिएको पाइन्छ ।

बराल (२०६४) द्वारा **कक्षा नौमा अध्ययनरत विद्यार्थीको लेखनका आधारमा वर्णविन्यास क्षमताको अध्ययन** शीषर्कमा शोधकार्य पूरा भएको पाइन्छ । चिह्न प्रयोग, पदयोग, पदवियोग, विभक्ति सम्बन्धी त्रुटिहरू पहिचान गर्नु, सिर्जनात्मक र मौलिकता पत्ता लगाउनु, तुलनात्मक स्थिति पहिल्याउनु, कमजोरी सुधारका लागि सुझाव प्रस्तुत जस्ता उद्देश्यहरू राखिएको छ । क्षेत्रीय अध्ययन विधि र प्रश्नोत्तर विधिको प्रयोग उक्त अधययनमा गरिएको छ । निष्कर्षमा वर्णविन्यास प्रयोगको स्थिति राम्रो रहेको, चिह्न प्रयोगको अवस्था राम्रो रहेको, पदयोग, पदवियोग राम्रो रहेको, सिर्जनात्मकता र मौलिकता राम्रो रहेको तथा लेखन कार्यमा कमजोर स्थिति रहेको देखाइएको छ । वर्णविन्यास क्षमताको अध्ययन भनिए तापनि यसमा गरिएको अध्ययन वर्ण भन्दा अन्यन्त्र केन्द्रित रहेको देखिन्छ । लेखन सिपका अन्य क्षेत्रहरू समेटी अध्ययन गरिएको उक्त शोध शीर्षकसँग अध्ययनीय शोध शीर्षक केही हदसम्म मिल्न जाने  देखिन्छ । उक्त अध्ययनले वर्णविन्यास अध्ययनका क्रममा वस्तुवर्णनको अध्ययन गरिएको छ भने अध्ययनीय शीर्षकमा वस्तुवर्णनका क्रममा लिखित अभिव्यक्ति क्षमताको  अध्ययन गरिएको छ । साथै विषय वस्तुको  सङ्गठन र प्रस्तुतीकरणका आधारमा अध्ययनीय शीर्षक विशिष्ट देखा पर्दछ ।

बराल (२०६४) द्वारा **कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन** गरिएको छ । सो अध्ययनमा भाषिक चिह्न प्रयोग सम्बन्धी त्रुटिहरूको विकास गरिएको छ । यसमा चिह्न प्रयोग सम्बन्धी पूर्णविराम, अल्पविराम, पदयोग, पदवियोग तथा विभक्तिसम्बन्धी त्रुटिहरूको पहिचान गर्ने तथा शब्द आवृत्ति गणना गरी

सिर्जनात्मक र मौलिकता पत्ता लगाएको पाइन्छ । यस अन्तर्गत पूर्ण विरामको प्रयोग ८१.७५ प्रतिशतले र सबभन्दा बढी विभक्ति चिह्नको प्रयोग ८३.८८ प्रतिशतले राम्रोसँग गरेको उल्लेख गरिएको छ । अनुच्छेद लेखनले विद्यार्थीको लेखन सिपको विकास गराउँछ । घटनाक्रम अनुसार अनुच्छेद लेख्न परिवर्तन गर्न यसले सहयोग गर्दछ ।

निरौला (२०६५) द्वारा **कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन** गरिएको छ । कथालेखन क्षमताको अध्ययन गर्नु, तुलना गर्नु र कथा लेखन क्षमताको स्थितिको मूल्याङ्कन गर्नु जस्ता उद्देश्यहरू राखिएका छन् । अध्ययन विधिमा सर्वेक्षण विधिका चरणहरूको प्रयोग गरिएको छ । उत्तर कुञ्जिकाको प्रयोग गरी तथ्याङ्क सङ्कलन र विश्लेषण गरिएको छ । उक्त अध्ययनको निष्कर्षले कथा लेखन तथा लिखित अभिव्यक्ति क्षमतामा विद्यार्थीहरू कमजोर रहेको देखाइएको छ । स्वतन्त्र लेखनभन्दा निर्देशनात्मक लेखन राम्रो रहेको, विषय वस्तुका संयोजन ठिकै रहेको र भाषिक शुद्धतामा कमजोरी रहेको देखाइएको छ । संस्थागत विद्यालय भन्दा सामुदायगत विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता राम्रो रहेको, छात्र र छात्रामा समानता रहेको देखाइएको छ । उक्त शोधको उद्देश्य कथा लेखन क्षमता र तुलनात्मकतामा केन्द्रित रहेको छ । यो शीर्षकमा लेखन क्षमता थप अन्य क्षेत्रहरूलाई समावेश गरी अध्ययन गरिएको छ । त्यसैले कथा लेखन क्षमताका सन्दर्भमा वस्तुवर्णन क्षमताको अध्ययन विशिष्ट एवम् नितान्त मौलिख किसिमको रहेको छ । विद्यार्थीहरूलाई कुनै वस्तु दिएर त्यस वस्तुप्रति मनमा उब्जेका भावहरूलाई आफ्नै शैलीमा कथागत रूपमा लेख्न पनि लगाउन सकिन्छ । यसकारण कथा लेखन क्षमताले वस्तुवर्णन क्षमतामा महत्त्वपूर्ण भूमिका निभाएको हुन्छ ।

पौडेल (२०६५) द्वारा **कक्षा नौ पूरा गरेका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन** शीर्षकमा शोध कार्य सम्पन्न गरिएको पाइन्छ । उक्त शोधपत्रका उद्देश्य कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिक भिन्नताका साथै भाषिक पृष्ठभूमिका आधारमा मातृभाषी र विमातृभाषी विचको तुलनाका बारेमा अध्ययन गर्नु रहेको छ । क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी तयार गरिएको शोधपत्र प्राथमिक स्रोत्रतर्फ काठमाडौं उपत्यका भित्र सामुदायिक र संस्थागत १० विद्यालयका ६/६ जनाका दरले ६० जना विद्यार्थीहरू रहेका छन् भने द्वितीयक स्रोतका विभिन्न पुस्तकहरू विभिन्न पत्रपत्रिका एवम् शोधपत्रको अध्ययन गरिएको छ । यस अध्ययनले वादविवाद लेखनमा सामुदायिक विद्यालयमा अध्ययनरत गरिएको छ ।

यस अध्ययनले वादविवाद लेखनमा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनामा कमजोर रहेको पुष्टि गरिएको छ । यसै गरी छात्र र छात्राको बिचमा गरिएको तुलनात्मक अध्ययनले छात्र भन्दा छात्राको लेखन क्षमता कमजोर रहेको पाइयो भने सहरी र ग्रामीण क्षेत्रका विद्यार्थी मध्ये सहरी क्षेत्रका विद्यार्थी कमजोर रहेको निष्कर्ष अनुसन्धानमा निकालिएको छ ।

कार्की (२०६६) द्वारा **कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमताको अध्ययन** शीर्षकमा सङ्खुवासभा जिल्लाअन्तर्गतका सहर र गाउँका विद्यार्थीहरूमा सीमित छ । यस अध्ययनको उद्देश्य विद्यार्थीहरूको श्रुतिबोध क्षमता विविध पक्षमा गाउँ र सहर, केटा र केटी, निजी र सार्वजनिक, मातृभाषा र विमातृभाषी, नेपाली आदिमा उनीहरूको क्षमता पत्ता लगाउनु रहेको छ यस अध्ययन विश्लेषणमा ४५ जना विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ । प्रश्नहरूमा छोटा उत्तर दिने, खाली ठाउँ भर्ने र उपयुक्त उत्तरमा रेजा लगाउने रहेका छन् । अन्त्यमा व्याख्या विश्लेषणबाट कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमता सन्तोषजनक रहेको तर तुलनात्मक हिसावले छात्रभन्दा छात्रा, विमातृभाषीभन्दा मातृभाषी नेपाली, निजीभन्दा सरकारी र अपरिचित उद्धरणभन्दा परिचित उद्धरणमा श्रुतिबोध क्षमता राम्रो रहेका देखाइएको छ भने सुझावमा छात्रलाई अनुशासनमा राख्नुपर्ने, सार्वजनिक विद्यालयमा नेपाली भाषालाई पनि अङ्ग्रेजी उत्तिकै महत्त्व दिनुपर्ने र दोस्रो भाषी नेपालीलाई विशेष कक्षा र प्रभावकारी शिक्षण गरिनुपर्ने सुझाव दिएका छन् ।

खतिवडा (२०६६) द्वारा **कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको चित्र तथा वस्तुवर्णन सम्बन्धी लिखित अभिव्यक्ति क्षमताको अधययन** शीर्षकको शोध तयार पारिएको छ । कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको चित्र तथा वस्तु सम्बन्धी लिखित अभिव्यक्ति क्षमताको अध्ययन गर्न, लिखित अभिव्यक्ति क्षमताको परीक्षणीय पक्षहरूका आधारमा प्राप्त तथ्याङ्कको विश्लेषण गर्नु, लिखित अभिव्यक्ति क्षमतामा देखिएका समस्याहरूको निराकरणका लागि सुझाव प्रस्तुत गर्नु उद्देश्यहरू राखिएको पाइन्छ । उक्त शोधकार्यमा पाँच वटा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई नमुना जनसङ्ख्याका रूपमा लिइएको छ । यसमा विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमतालाई किनारा छोडाई, सरसफाई, वाक्य गठन, वर्णविन्यास लेख्य चिह्न प्रयोग, शब्द छनोट तथा प्रयोग अभिव्यक्ति

शैली शृङ्खलाबद्ध मानव भाषाको तथा विषय वस्तुको ज्ञान जस्ता पक्षहरूका आधारमा सीमित रही प्रस्तुत शोधको अध्ययन गरिएको छ । छात्र २५ र छात्रा २५ गरी ५० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा छनोट गरिएको छ । उक्त शोधमा छात्र र छात्रा बिचको प्राप्ताङ्कको तुलना गरिएको छ । जसमा छात्रहरू भन्दा छात्राहरूको लेखन अभिव्यक्ति क्षमता स्तर राम्रो देखिन्छ । यस शोधकार्यले पनि वस्तुवर्णन क्षमतामा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

ढकाल (२०६७) द्वारा **महोत्तरी जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निवन्ध लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधकार्य पूरा भएको पाइन्छ । महोत्तरी जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निवन्ध लेखन क्षमताको पहिचान गर्नु, विद्यालयको प्रकृतिका आधारमा उक्त विद्यार्थीहरूको  निवन्ध लेखन क्षमता पहिल्याउनु, लैङ्गिक आधारमा विद्यार्थीहरूको निवन्ध लेखन क्षमता पहिल्याउनु जस्ता उद्देश्यहरू राखिएको पाइन्छ । उक्त शोध महोत्तरी जिल्लाका विभिन्न १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूमा सीमित रहेको पाइन्छ । विद्यार्थीहरू बाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गरी तालीकीकरणको माध्यमबाट निष्कर्ष निकालिएको छ । विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयमा लैङ्गिक आधारमा विद्यार्थीको प्राप्ताङ्कको विश्लेषण गरिएको छ । समग्र तथ्याङ्कलाई हेर्दा विद्यार्थीहरूको निवन्ध लेखन क्षमता सामान्य देखिन्छ । संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको निवन्ध लेखन क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ ।

आचार्य (२०६९) द्वारा **म्याग्दी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्याार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधकार्य पूरा भएको पाइन्छ । कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको पहिचान गर्नु, कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको विद्यालयको प्रकृति, लैङ्गिक आधार भाषिक पृष्ठभूमिका आधारमा निवेदन लेखन क्षमता पहिल्याउनु, कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूमा निवेदन लेखनसम्बन्धी के-कस्ता कमी-कमजोरीहरू छन् पत्ता लगाउनु, जस्ता उद्देश्यहरू राखिएको छ । क्षेत्रीय अध्ययन विधि र सर्वेक्षण विधिको प्रयोग उक्त अध्ययनमा गरिएको छ । प्रस्तुत अध्ययन म्याग्दी जिल्लाका १० वटा विद्यालयका कक्षा आठमा अध्ययनरत जम्मा १०० जना विद्यार्थीहरूमा सीमित रहेको छ । निष्कर्षमा निवेदन लेखनमा संलग्न समग्र विद्यार्थीहरूको

क्षमताको प्रतिशताङ्क स्थिति गणना गर्दा ६७ प्रतिशत विद्यार्थीहरूले ५० प्रतिशत भन्दा माथि निवेदन लेखन क्षमता मापन गराउन सफल देखिएकाले कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूमा निवेदन लेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ । निवेदन लेखन क्षमाताले पनि वस्तुवर्णनमा लेखन सिप विकासमा महत्त्वपूर्ण भूमिका खेल्छ । शब्द भण्डार, वाक्य गठन, शुद्धा शुद्धी देखी लिएर लेखन शैलीमा पनि महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

बोहरा (२०७०) द्वारा **बैतडी जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन** गरिएको छ । सो अध्ययनमा विद्यार्थीहरूको कथा लेखन क्षमता, विद्यालयको प्रकृतिका आधारमा र लैङ्गिक आधारमा विद्यार्थीहरूको कथा लेखन क्षमताको तुलनात्मक अध्ययन गर्ने उद्देश्य राखेको पाइन्छ । यस अध्ययनमा क्षेत्रीय अध्ययन सामग्री अन्तर्गत जनसङ्ख्याको पहिचान, प्रतिनिधि नमुना छनोट, साधनको निर्माण तथ्य सङ्कलन प्रक्रिया, व्याख्या विश्लेषण जस्ता सामग्रीहरूलाई प्रमुख विधिका रूपमा लिएको पाइन्छ । अध्ययनको निष्कर्ष सामुदायिक भन्दा संस्थागत र मातृभाषी भन्दा विमातृभाषी विद्यार्थीको कथा लेखन क्षमता उच्च रहेको पाइयो । साथै उक्त विद्यार्थीहरूमा रहेका कमीकमजोरीलाई ठम्याँएर निराकरण गर्नु पर्ने धारणा समेत उल्लेख गरेको पाइयो । लैङ्गिक आधारमा छात्र विद्यार्थीको तुलनामा छात्रा विद्यार्थीको कथा लेखन क्षमता सन्तोषजनक रहेको पाइन्छ । कथा लेखन पनि लेखन सिपसँग सम्बन्धित हुनाले यो शोध वस्तुवर्णनमा पनि काम लाग्ने ठहरिन्छ ।

शर्मा (२०७२) द्वारा **बाग्लुङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन** शीर्षकमा शोध कार्य सम्पन्न गरिएको छ । उक्त अध्ययनको मूल उद्देश्य कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध स्थिति के कस्तो रहेको छ, सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता कस्तो छ, लैङ्गिक आधारमा पठनबोध क्षमता कस्तो छ जस्ता उद्देश्य राखिएको छ । जसमा सर्वेक्षण विधिको प्रयोग गरी सामुदायिक ४० र संस्थागत ४० जना गरी प्रतिनिधि जनसङ्ख्या नमुना गरी जम्मा ८० जना विद्यार्थीहरूको पठनबोध क्षमताको परीक्षण गरिएको छ । जसमा विद्यार्थीहरूको पठानबोध क्षमता उच्च रहेको मानिएको छ । छात्र र छात्राको पठनबोध क्षमताको तुलना गर्दा बराबर भएको पाइएको छ । यसरी पठनबोध क्षमताले पनि

वस्तुवर्णनमा ठुलो सहयोग गर्दछ । विद्यार्थीहरूको बौद्धिक परीक्षणले वस्तुवर्णन गर्न सहयोग गर्दछ । त्यसैले वस्तुवर्णनका लागि यो शोध उपयोगी छ ।

## २.२ पूर्वकार्य समीक्षाको प्रयोग

पूर्वकार्यको पुनरावलोकनले शोधकार्यमा विशेष सहयोग पुऱ्याउने हुनाले यसको आवश्यक देखिन्छ । शोधपत्र तयार गर्ने क्रममा उक्त कार्यसँग सम्बन्धित विषयमा यस अघि कसरी शोधपत्र तयार भएका छन् ? भन्ने कुराको जानकारी पाउनु, आवश्यक शैक्षिक सामग्रीको रूपमा सहयोग पुऱ्याउन, शोधकार्य निर्माणमा पूर्णता प्रदान गर्न, विगतमा भएका शोधकार्यहरूका बारेमा जानकारी प्राप्त गर्न सथै विविध स्थानमा भएका शैक्षिक गतिविधिसम्बन्धी जानकारी पत्ता लगाउन जस्ता महत्त्वपूर्ण कार्यमा सहयोग पुऱ्याउने हुँदा पूर्वकार्यको पुनरावलोकनको महत्त्वपूर्ण स्थान रहेको छ ।

अनुसन्धानमा पूर्वकार्यको समीक्षा पुनरावलोकन अत्यन्त आवश्यक छ । अनुसन्धानमा पूर्वकार्यको पुनरावलोकनको असीमित उपयोगिताहरू छन् :

क) पूर्वकार्यको समीक्षाले समस्यालाई राम्ररी बुझ्न, विश्लेषण गर्न र शीर्षक चयन गर्न सहयोग गर्दछ,

ख) यो प्राक्कल्पना निर्माण गर्न, अनुसन्धानका उद्देश्यहरू निर्धारण गर्न र अनुसन्धान पद्धति निर्क्यौल गर्न उपयोगी हुन्छ,

ग) सम्बन्धित विषयको गहिरो ज्ञान गर्न, अनुसन्धानलाई वैध र विश्वसनीय बनाउन, पूर्वकार्यको समीक्षा उपयोगी हुन्छ,

घ) यो अनुसन्धानलाई उपलब्धिमूलक बनाउन, नवीन धारणा पहिल्याउन, नयाँ सिद्धान्तको खोजी गर्न  उपयोगी हुन्छ,

ङ) अनुसन्धान ढाँचा निर्धारण गर्न, उपयुक्त र अनुकूल उपकरणको छनोट गर्न पूर्वकार्यको समीक्षाले सघाउ पुऱ्याउँछ,

च) पहिले भएका अध्ययनहरूको विश्लेषण गर्न र भविष्यमा गर्न सकिने अनुसन्धान क्षेत्रहरू पत्ता लगाउन पूर्वकार्यको समीक्ष उपयोगी हुन्छ ।

उक्त शोधपत्र तयार गर्दा माथिका बुँदाहरू निम्नलिखित कुराहरूमा उपयोग भएका थिए :

क) शोधको समश्यालाई राम्ररी बुझ्न, विश्लेषण गर्न र शीर्षक चयन गर्न उपयोग,

ख) अनुसन्धानका उद्देश्यहरू निर्धारण गर्न र अनुसन्धान पद्धति निक्यौंल गर्न,

ग) अनुसन्धानलाई मानकीकृत बनाउन,

घ) अनुसन्धान ढाँचा निर्माण गर्न र उपयुक्त उपकरणको छनोट गर्न,

ङ) पहिले भएका अध्ययनहरूको विश्लेषण गर्न र नयाँ शीर्षक चयन गर्न ।

## २.३ सैद्धान्तिक प्रारूप

भाषा मानवीय विचार सम्प्रेषणको प्रमुख साधन हो । मानव सभ्यताको विकासक्रमसँगै भाषाको पनि क्रमिक विकास भएको पाइन्छ । सुरूसुरूमा उच्चार्य वा कथ्य भाषाका रूपमा रहेको भाषा नै पछि आएर लिपिबद्ध हुन थालेको हो । समाजको विकाससँगै भाषाको पनि विकास हुदै आयो र क्रमशः स्तरीयता प्राप्त गर्न थाल्यो । यस शोधपत्रको सैद्धान्तिक वा धारणात्मक संरचना निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### २.३.१ वस्तु वर्णन परिचय

वस्तु शक्तिशाली हुन्छ । एक  हजार शब्दले वर्णन गर्न नसक्ने कुरालाई पनि एउटै वस्तुले सरल र सजिलो तरिकाले बुझाउन सकिन्छ । हरेक पाठ्यपुस्तकमा वस्तुको विशेष महत्त्व रहेको हुन्छ । अझ त्यसमा पनि भाषा पाठ्यपुस्तकमा भाषिक सिप विकासका लागि यसको कम महत्त्व छ भनेर भन्न सकिदैंन । माध्यमिक तहभन्दा निम्न माध्यमिक र निम्न माध्यमिकभन्दा प्राथमिक तहमा वस्तुहरू तुलनात्मक रूपमा बढी उपयोगी एवम् महत्त्वपूर्ण हुन्छन् । विशेष गरी भाषा पाठ्यपुस्तकमा वस्तुहरूका माध्यमले भाषिक अभ्यास सरिक हुनु, सिकाइ उत्प्रेरणा वृद्धि गर्न भाषिक ज्ञान र धारणाको विकास गर्न, पढ्न नसक्ने साना बालबालिकाहरूका लागि बोलाइ सिपको विकास गर्न साथैं अनुकरणात्मक सिपको विकास गर्न निकै मद्दत पुऱ्याएको हुन्छ । शर्मा र पौडेलका अनुसार हजारौं शब्दमा वयान गरेर अर्थ र धारणामा प्रष्ट पार्न नसकिने कुराहरूलाई एउटै वस्तुका माध्यमले सजिलै र स्पष्ट किसिमले धारणा बसाल्न सकिन्छ ।

अधिकारी र भट्टराई, (२०७०) का अनुसार वस्तु भन्नाले पृथ्वी वा ग्रहमा पाइने जुनसुकै पदार्थ, भौतिक अस्तित्व वा अलग पहिचान भएको कुनै चिज, धन सम्पति भाँडाकुँडा, लुगा कपडा, अन्न आदि पशुधन वस्तु भाव, मुख्य कुरो, सार, मूलतत्त्व, सारतत्त्व, कुनै रचना कृति, निर्माण, चित्र आदिको मुख्य विषय निर्मित आकृति आकार प्रकार रेखाचित्र आदि अर्थले वस्तुलाई चिनिन्छ, भनेका छन् भने वर्णन भन्नाले कुनै वस्तु वा विषयका बारेमा विस्तार सहित कथन, वयान आदि अर्थले चिनिन्छ । समग्रमा वस्तुवर्णन भन्नाले कुनै पनि कुराको बेली विस्तार गर्नुलाई वस्तुवर्णन भनिन्छ ।

वस्तुवर्णन एक प्रकारको कुरा गराइ हो । कुनै वस्तु प्रति मनमा भएका कुराहरूलाई लिखित रूपमा व्यक्त गरिएको रूप वस्तुवर्णन हो । चिन्तक वा लेखकका सोचाई विचार, आग्रह प्रतिभा खुबीको नाप जोख वस्तुवर्णनबाट हुन्छ । यसले लेखक र विषयका विच सम्बन्ध जोड्ने साँघुका रूपमा काम गरेको हुन्छ । मनमा उन्मुक्त विचारहरू आफ्ना अनुभवले रँगाएर वा तटस्थ रही विषयको नाली बेली दिएर केही कुरा लिपिबद्ध गर्दा वस्तुवर्णनको रूप बन्छ । यति मात्र होइन, उन्मुक्त विचार भित्र पनि परस्पर शृङ्खलित बन्धन क्रमिक विचार यात्रासित पनि छरिएको अनुभूति र गद्यात्मक प्रस्तुति वस्तुवर्णनका आफ्ना गुण हुन् ।

मानवका नाताले अनुभूतिको स्तर समान धर्मी जस्तै देखिए पनि अध्ययन र साधनको घटबढले अभिव्यक्तिलाई पनि प्रभाव पारेको हुन्छ, किनभने वस्तुवर्णन पनि एक कला हो । अध्ययन र अभ्यासले अभिव्यक्तिमा परिपक्कता आउँछ । अभिव्यक्तिको सिपमा जति परिपक्कता आयो लिखित वस्तुवर्णन पनि त्यत्तिकै प्रौढ बन्न पुग्छ । हुन पनि जलाशयमा जत्रो भाँडो लिएर गयो त्यत्ति मात्र पानी उभाइन्छ । भाषिक सिप र प्रस्तुति सामर्थ्यले लिखित वस्तुवर्णनमा पनि त्यस्तै काम गरेको हुन्छ । अनुभूति जतिसुकै गहन तीव्र किन नहोस् प्रतिभा र अभ्यासको अभावमा त्यसको मूर्त रूप लिन उकालो पर्छ । त्यसैले अध्ययन र निरन्तरता साधना वस्तुवर्णनका आरम्भिक चरण हुन् (शर्मा, २०५४ : ३ ) । वस्तुवर्णनको भूमिका धेरै भए पनि खास विषयवस्तु नभई यसलाई अगाडि बढाउन सकिँदैन ।

वर्णनात्मक पद्धति भाषाको प्रत्यक्ष वर्णन गर्ने पद्धति होइन । यसले विद्यार्थीहरूले आफैले प्रयोग गरेको भाषा भित्र रहेको संरचना र प्रयोगगत विशेषता औंल्याउने सुझबुझ

विकास गर्न मद्दत दिन्छ । भाषाको व्यवस्था नियम तथा व्याकरणात्मक धारणाको खोजी गर्ने कार्य सैद्धान्तिक रूपबाट नभई प्रयोगका  माध्यमबाट हुने, प्रयोगगत विविधताको खोजी गर्ने, उनीहरूलाई आफ्नै वा अर्काका भाषामा देखिने विशेषता तथा कमजोरीको खोजी गर्ने कुरामा यस पद्धतिले प्रवृत्त गराउँछ । साथै प्रसङ्ग अनुरूप उपयुक्त अनुपयुक्त प्रयोग ठम्याउँन लगाउनु वर्णनात्मक शिक्षणको महत्त्वपूर्ण पक्ष हो । नेपाली पहिलो भाषा र दोस्रो हुनेहरूका लागि पनि महत्त्वपूर्ण परिवेशीय भाषा भएकाले यसलाई अत्यधिक आधिकारिकताले ढाक्नु भन्दा शिक्षार्थीहरूले सिकिरहेका भाषाका विभिन्न प्रयोग तथा शैली भेदको सन्दर्भपरक औचित्य ठम्याउँन र त्यसै अनुरूप उपयुक्त अनुपयुक्त वा अपेक्षित प्रयोगहरूका विषयमा छलफल तथा वर्णन गर्नु पनि कतिपय स्थितिमा आवश्यकता हुन्छ ( अधिकारी, २०६३ : ५८) । वर्णनात्मक पद्धतिले भाषाको संरचना, कार्यात्मक विविधीकरण तथा यसको समसामयिक प्रयोगलाई विशेष महत्त्व र औपचारिक व्याकरण शिक्षणलाई कम महत्त्व दिन्छ । वस्तुतः भाषाको भाषा वैज्ञानिक अध्ययननै वर्णनात्मक पद्धतिको पूर्वाधार हो ।

कुनै वस्तु (मूर्ति, प्रतिमूर्ति, वास्तविक वस्तु) चित्र, तस्विर, फोटो आदि हेरी लिखित रूपमा वयान वा वर्णन गर्न लगाउनुलाई वस्तुवर्णन भनिन्छ । यो कार्यकलाप मौखिक अभिव्यक्ति तिखार्न मौखिक रूपमा पनि सञ्चालन गर्न सकिन्छ । यो एक किसिमको अभ्यासयीक किसिमकै कार्यकलाप हो । त्यसो भएपनि प्रत्यकको वयान गर्ने ढाँचा र तरिका फरक फरक हुन सक्ने हुँदा मौखिक अभिव्यक्ति विकासमा पनि यसले महत्त्वपूर्ण टेवा पुऱ्याएको हुन्छ । ससाना कक्षाका लागि आवश्यक र प्रेरक मानिने यस कार्यकलापलाई माध्यामिक तहसम्म पनि केही हदसम्म विस्तार गर्न सकिन्छ, तर ती विशिष्ट खाले वस्तु वा अमूर्त र भावनात्मक दृश्य चित्रहरूका रूपमा क्रमशः स्तरीकृत हुदैं जानु आवश्यक छ । कुनै पनि वस्तुलाई नियालेर हेर्ने र त्यसका कलात्मक, वस्तुगत एवम् भावात्मक पक्षहरूको व्याख्या, वर्णन र विवरण दिने खुबी वा क्षमता विकासमा यो कार्यकलाप निकै प्रभावकारी मानिन्छ । यसका साथै मौलिक सौन्दर्य परक, तार्किक र सूक्ष्म विवरण प्रस्तुति सहितको सरल, रोचक र लेखन क्षमता विकास गर्न समेत यो कार्यकलाप निकै महत्त्वपूर्ण मानिन्छ (पौडेल, २०७०  : ९४) । कक्षाका लागि प्रदर्शन गर्न मिल्ने कुनै प्राकृतिक वस्तु स्वनिर्मित वा विभिन्न स्रोतवाट सङ्कलन गरिएका उद्देश्य परक वस्तु, प्रतिमूर्ति, रूपाकृति, चित्र, तस्विर, दृश्यचित्र, प्रक्रिया परक वस्तु, भाव चित्र आदि प्रदर्शन गरी वर्णन गर्न लगाउने कार्यकलाप पनि लिखित अभिव्यक्ति कला विकास महत्त्वपूर्ण हुन सक्छ ।

वस्तुवर्णन लिखित र मौखिक दुबै प्रकारको हुन्छ । लिखित वस्तुवर्णनमा विद्यार्थी वा सिकारुलाई विभिन्न प्राकृतिक वस्तु, स्वनिर्मित वा विभिन्न स्रोतबाट सङ्कलन गरिएका उद्देश्यपरक वस्तु, प्रतिमूर्ति, चित्र, तस्विर आदि दिएर विद्यार्थीलाई त्यसको बारेमा लेख्न लगाइन्छ । विद्यार्थीले आफुले त्यो वस्तुमा देखेका सुनेका कुराहरू स्वतन्त्र ढङ्गले लेख्न सक्दछन् । कक्षामा खास चित्र वा वस्तुको लिखित वर्णन गर्न शिक्षार्थीहरूलाई लगाउन सकिन्छ, अथवा प्रत्येक शिक्षार्थीलाई एक एक वटा भिन्न चित्र, वस्तु दिई वा तिनको लिखित वर्णन गर्न लगाउन पनि सकिन्छ । लेखाइको अभ्यासका लागि उपयोग गरिने चित्रहरू शिक्षार्थीको अनुभवको सेरोफेरोसँग सम्बन्धित हुनु आवश्यक छ र खास घटना वा दृश्य झल्काउँन सक्ने खालका वस्तुहरू भएमा अझ बेस हुन्छ (अधिकारी, २०६९ : १३०) । शिक्षार्थीहरूलाई उनीहरूकै गाउँ घर वा सेरोफेरोमासम्बधित विशेष महत्त्वका वस्तु कक्षामा देखाइ तिनको महत्त्व र कार्य बारे भन्न प्रोत्साहित गर्न सकिन्छ । यसरी विद्यार्थीहरूको अभिव्यक्तिका साथै लेखन सिपको विकास हुन्छ । विभिन्न दृश्य, वस्तु, घटना क्रिया, प्रक्रिया आदि दर्शाउने निर्मित तथा विभिन्न पत्र पत्रिका वा अन्य स्रोतबाट सङ्कलित वस्तुहरू ल्याएर कक्षामा शिक्षार्थीहरूलाई पालैपालो गरी वर्णन गर्न लगाउनाले मौखिक अभिव्यक्तिको विकासमा सहयोग हुन सक्छ । मौखिक अभिव्यक्तिमा आत्म विश्वास जगाउन र अभिव्यक्ति तिखार्न समेत यस्ता कार्यकलाप निकै सरल, रुचिपूर्ण र उपयुक्त हुने देखिन्छ ।

मौखिक वा बोलाइ शिक्षणका लागि कुनै वस्तु वा चित्र दिएर त्यसको विभिन्न पक्षको वर्णन गर्न लगाउन उपयुक्त हुन्छ । वर्णनका लागि विद्यार्थीहरूको अनुभव स्तरअनुसारको वस्तु दिनु पर्दछ । यस्ता सामग्री सङ्कलन गरिएको वा विद्यार्थी शिक्षक द्वारा निर्माण गरिएको हुन सक्दछ । त्यस्ता वस्तु वा चित्र सबैले देख्ने गरी राखेर त्यसमा समाविष्ट वस्तु वा अङ्गहरूको नाम तिनको अगाडि, पछाडि, बिच वा तलमाथि जस्ता स्थान र समग्र वस्तु भाव वर्णन गर्न लगाउँन सकिन्छ (खनिया, अन्य, २०६८ : १७२) । वस्तुवर्णन क्षमताले विद्यार्थीको अभिव्यक्तिगत क्षमताको विकास हुन्छ । वस्तुवर्णनलाई स्वतन्त्र लेखाइ मान्न सकिन्छ । स्वतन्त्र लेखाइ मान्न सकिने हुनाले विद्यार्थीको सिर्जनशीलता क्षमताको विकास हुन्छ ।

### २.३.२ मौखिक र लिखित भाषा

भाषा मानवीय वस्तु हो । त्यसैले मानव मात्रसँग सम्बन्धित हुन्छ । मान्छेलाई समाजबाट भाषा प्राप्त हुन्छ । उसले समाजबाट भाषाको आर्जन गर्न सक्छ र आफ्नो सामाजिक सम्पर्क बढाउँन यसको उपयोग गर्छ । भाषाबाट विचारको आदान प्रदान मौखिक भाषा र लिखित भाषा गरी दुई ढङ्गले गरिन्छ :

**क) मौखिक भाषा**

उच्चाण र श्रव्य भाषालाई मौखिक भाषा भनिन्छ । वक्ता र श्रोताको आमने सामनेको स्थितिमा यसको प्रयोग हुन्छ । मौखिक भाषा ध्वन्यात्मक हुनाले विचार आदान प्रदानका लागि सरल मानिन्छ । आफूले जानेका मौखिक ध्वनिहरूको उपयोग गरी अरूसँग विचारको आदान प्रदान गरिने हुँदा यो छिटो छरितो माध्यम हो । भाषा भन्नाले मूलतः मौखिक हुन्छ अथवा भाषाको मूलरूप मौखिक नै हो । संसारमा जे जति भाषा प्रचलित छन् तिनको आधारभूत रूप मौखिक भाषा नै हो । मानिसहरूले यसैबाट आ-आफ्नो सामुदायमा दैनिक व्यवहार चलाएका हुन्छन् । सबै भाषामा लेख्य माध्यमको विकास भएको हुदैंन । संसारका भाषाहरू मध्ये धेरै जसो भाषाहरूमा अहिले पनि लेख्य परम्पराको विकास भइसकेको छैन् । यसबाट आदान प्रदानका लागि मौखिक माध्यमको सर्वाधिक महत्त्व रहेको स्पष्ट हुन्छ । मौखिक भाषा सरल, सहज हुन्छ । शिक्षित र अशिक्षित दुबै वर्गका मानिसहरूले सजिलैसँग भाषाको आदान प्रदान गर्दछन् । मानिसहरूले मौखिक भाषाकै माध्यमबाट आफ्नो काम चलाएका हुन्छन् ।

**ख) लिखित भाषा**

केही भाषाहरूमा लेख्य परम्परा पनि विकसित भएको हुन्छ । त्यस्ता भाषा बोल्ने सामुदायले आदान प्रदानका लागि मौखिक र लिखित दुवै माध्यमलाई उपयोग गर्दै जान सक्छ तर लिखित भाषा लेख्य चिह्नहरू द्वारा व्यक्त गरिने हुँदा यो मौखिक जस्तो सरल र छिटो छरितो हुदैन । यसमा कलम कागज जस्ता थप सामग्रीको आवश्यकता पर्ने हुँदा मौखिक भाषा भन्दा अप्ठ्यारो हुनु स्वभाबिक छ । लिखित भाषा खास अवसर वा विशिष्ट सन्दर्भमा उपयोग हुने गर्दछ । शैक्षिक गतिविधि तथा शिक्षितहरूका काम कारवाहिमा लिखित भाषाको विशेष महत्त्व रहन्छ । मौखिक भाषापछि विकसित भएको लिखित भाषा

शिक्षित व्यक्तिले मात्र प्रयोग गर्दछन् । लेखपढ गर्न जान्नु भनेको लिखित भाषालाई उपयोग गर्न सक्षम हुँदै जानु हो । लिखित भाषा जाने पछि मान्छेले भाषाको उपयोलाई अझ विस्तृत बनाउदैं जान सक्छ । आफुले जाने बुझेका वा सोचे सम्झेका कुराहरू लेखेर राख्न सक्छ । लेखिएका सामग्रीहरू पढेर पाठकहरू लाभान्वित हुन्छन् ।

### २.३.३ वस्तुवर्णनमा लेखाइ शिक्षणको महत्त्व र आवश्यकता

आफ्नो अनुभव एवम् विचारलाई लिपिबद्ध गर्नु लेखाइ हो । अभिव्यक्तिको मौखिक माध्यमलाई बोलाइ भनिन्छ भने त्यसको लिखित माध्यमलाई लेखाइ भनिन्छ । त्यसैले लेखाइलाई अभिव्यक्तिको विशिष्ट सिप मान्नु पर्ने हुन्छ । सामान्यः आफ्ना अनुभव एवम् विचारलाई व्यक्त गर्न बोलाइ भए काम चल्न सक्छ तर त्यसलाइ अझ विस्तृत परिवेश दिन र आफ्ना अभिव्यक्तिलाई पछि सम्म उपयोग हुन सक्ने बनाउन लेखाइको आवश्यकता पर्छ । वस्तुवर्णनलाई उच्च र आधिकारी बनाउन लेखाइको आवश्यकता पर्दछ ।

लेखाइलाई बोलाइको वैकल्पिक अभिव्यक्तिका रूपमा लिइनु त छदै छ, यसको साथै यो छुट्टै किसिमको अभिव्यक्ति पनि हो । व्यक्तिमा बेलामौकामा आफ्ना कुरा दूरदेशमा रहेका आफन्तहरूमा पुऱ्याउन कतिपय कुरा लेखेर पछिसम्म सञ्चित गर्न, लेखेर गर्नुपर्ने कतिपय व्यावहारिक कार्य सम्पन्न गर्न र सिर्जनात्मक प्रतिभाको विकास गर्न लेखाइ सिपको विशेष खाँचो पर्छ ।

शिक्षण सिकाइका दृष्टिले पनि लेखाइ निकै महत्त्व देखिन्छ । भाषा सिकाइलाइ सवल बनाउनका लागि गराइने प्रश्नोत्तर, टिपोट, व्याख्या, तयारी आदि गतिविधिमा धेरैजसो लेखाइको उपयोग हुन्छ । पढेको कुरा, वर्णन गरेको कुरा पछि सम्झना गर्नका लागि, आफुले सिकेका कुरा पुनः व्यक्त गर्नका लागि, श्यामपाटीमा लेखिएका कुरा सार्नका लागि लेखाइ आवश्यक हुन्छ । त्यस बाहेक पढेका कुराको साराशं लेख्न, वर्णन गर्न, छलफल गर्न पनि लेखाइकै आवश्यकता र महत्त्व रहेको हुन्छ । त्यसै गरी गृहकार्य गर्न, परीक्षाको तयारी गर्न र परीक्षा दिन पनि लेखाइको आवश्यकता हुन्छ (अधिकारी, शर्मा २०७१ : ९१) । प्रारम्भमा लेखाइ शिक्षण लिपिबद्ध भाषासँग परिचित गराउनमा केन्द्रित हुन्छ । यस स्थितिमा बालकहरूलाई लेख्य भाषामा प्रयुक्त लिपि चिह्न र तिनको उच्चार्य स्वरूपसँग परिचित गराउनुका सथै ती चिह्नहरू लेख्ने अभ्यास गराउनु पर्ने हुन्छ । लेखाइमा कमजोर विद्यार्थीको भाषा सिकाइ पनि कमजोर नै हुन्छ ।

### २.३.४ लेख्य चिह्न प्रयोग

लेख्य चिह्नको प्रयोगले भाषिक प्रयोगको स्थितिमा स्तरीयता ल्याउँछ । वस्तुवर्णनका क्रममा भाषिक सन्दर्भ अनुकूल लेख्य चिह्नको प्रयोग गर्नुपर्दछ । लेख्य चिह्नको प्रयोगले भाषाको बोधगम्यतामा फरकपन ल्याइ दिन्छ । पूर्ण विराम, अल्प विराम, अर्ध विराम, विश्मयादिवोधक, उद्‌गार, प्रश्नवाचक, योजक आदि जस्ता चिह्नहरूले भाषा प्रयोगको प्रसङ्‌गलाई उजागर गरिदिन्छ । त्यसकारण चिह्नको प्रयोगले वस्तुवर्णन क्षमतामा प्रभावकारी भूमिका निर्वाह गरेको हुन्छ । अभिव्यक्तिका क्रममा चिह्न प्रयोगको अर्थमा विविधता ल्याउने भएकाले यस प्रति ध्यान दिनु आवश्यक छ ।

### २.३.५ वस्तुवर्णन शिक्षणका कार्यकलाप

शिक्षकले स्वनिर्मित वा सङ्कलित विभिन्न वस्तु तिनका प्रतिमूर्ति, मूर्ति चित्र, दृश्यचित्र, रेखाचित्र, तस्विर, फोटो आदि कथामा आवश्यकता अनुसार देखाउने र तिनलाई हेरेर वर्णन गर्ने तरिका र सम्भावित सौन्दर्यलगाएतका विभिन्न विवरणहरू कसरी नियाल्ने, कसरी अनुमान गर्ने, र तिनलाई क्रमबद्ध रूपमा कसरी लिपिबद्ध गर्ने भन्ने तरिका सुनाइ लिखित वर्णन गर्न लगाउने, वस्तु एउटै भए सबैले देख्नेगरी राख्ने र धेरै भए सङ्ख्याअनुसार समूह-समूह, वेन्च-वेन्च अथवा व्यक्तिपिच्छे उपलब्ध गराई तिनको राम्रो निरीक्षण पर्यवेक्षण गरी देखिएका, सम्भावित र सौन्दर्यात्मक कुराको लिखित वर्णन र विवरण दिन लगाउने, समूह वा वेन्चको प्रतिनिधित्व हुने गरी दुईचार वटा वर्णनलाई सुनाउन लगाउने, आवश्यक टिप्पणी गरी दिने, राम्रो वर्णनलाई स्यावासी दिई पुरस्कृत गर्ने, उत्कृष्ट वर्णनलाई कक्षामा वाचन गरेर सुनाउने, कक्षामा छिटो र राम्रो किसिमको लिखित वर्णनलाई उदाहरण मानी अरूलाई पनि त्यस्तै गर्न प्रोत्साहित र निर्देशित गर्ने (पौडेल, २०७० : ९४) । यसका अलवा सुरूमा विद्यार्थीहरूलाई विभिन्न मौखिक प्रश्नोत्तरका माध्यमले उनीहरूले देखेका रमाइला रमाइला मेला, जात्रा, चाडपर्व, सांस्कृतिक नाचगान, विद्यालय आउँदा बाटामा देखेका भोगेका, थाहा पाएका आदि विविध घटना, अनुभव तथा यस्तै अन्य सान्दर्भिक वस्तुहरूलाई दिएर वर्णन गर्न लगाउन पनि सकिन्छ ।

लेखाइ सिपबाट नै शब्दभण्डार बृद्धि गर्न, विभिन्न ग्रन्थबाट विचार लिएर बौद्धिकताको विकास गर्न लेखाइ सिपको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । प्राथमिक तहबाट नै विभिन्न किसिमका चित्र तथा वस्तुवर्णन, यात्रावर्णन, अनुलेखन आदि जस्ता

विविध लेखनसँग सम्बन्धित क्रियाकलाप गराएर विद्यार्थीहरूमा वस्तुवर्णन क्षमता वढाउने प्रयास गरिन्छ ।

### २.३.६ लेखाइ शिक्षणका कार्यकलाप

विद्यार्थीलाई शिक्षण गर्दा शिक्षकले सधैँ एउटा मात्र विधि प्रयोग गर्नुहुदैँन । शिक्षण विधिमा विविधताको आवश्यकता पर्छ । एउटै अन्नलाई पनि आवश्यकता अनुसार उसिनेर, पकाएर, तारेर, साँधेर, पोलेर, अर्को वस्तुसँग मिसाएर, भुटेर वा काँचै खाँदा भिन्न भिन्न स्वाद लिन पाइए झैं शिक्षणमा पनि फरक फरक कार्यकलाप गराउन सकिन्छ । व्याख्या अभिनय, प्रदर्शन परियोजना कार्य, प्रत्यक्ष अनुभव कार्यक्रममा सहभागिता आदि विभिन्न ढङ्ग अपनाई शिक्षण गरियो भने भाषा सिकाइको स्वादमा विभिन्नतामा आई कक्षा निकै रोचक, आकर्षक र प्रभावकारी हुन सक्छ ।

विद्यार्थीहरूलाई लेखाइ शिक्षण गराउँदा कहिले हस्तलेखन, कहिले अनुलेखन, श्रुतिलेखन, घटनावर्णन, अनुच्छेदलेखन श्रुतिरचना, साराशंलेखन, संवादलेखन, वस्तुवर्णन आदि विभिन्न कार्यकलाप गराउँन सकिन्छ । विद्यार्थीलाई वस्तुवर्णन गराउँदा विद्यार्थीहरूलाई उनीहरूको अनुभवको सेरोफेरोसँग सम्बन्धित विभिन्न प्रकारका चित्रहरू बनाई वा सङ्कलन गरी कक्षामा सबैले देख्ने गरी टाँगेर ती चित्रहरूको लिखित वर्णन गर्न लगाउनु उपयुक्त हुन्छ ।

त्यसैगरी विद्यार्थीहरूले देखे सुनेका वा जानेको वस्तु तथा वातावरण देखाई, तिनको आकार, प्रकार, काम, महत्त्व आदिका बारेमा लिखित वर्णन गर्न लगाउन सकिन्छ । वस्तुको लिखित वर्णन गराउँदा उक्त वर्णनलाई सिलसिलेवर बनाउन जोड दिनु आवश्यक छ ।

### २.३.७ वस्तुवर्णन स्वतन्त्र लेखाइ

वस्तुवर्णन स्वतन्त्र लेखाइ प्रकृतिको हुन्छ । स्वतन्त्र लेखाइमा विद्यार्थीहरू आफ्नो सोच विचार प्रयोग गर्न फुक्का हुन्छन् । यसमा विद्यार्थीलाई खास शीर्षक दिई आफ्नो सोच विचारअनुसार त्यस शीर्षक वा वस्तुमा आधारित भएर लेख्ने अभ्यास गराइन्छ । त्यसैले निर्देशित लेखाइमा जस्तो नियन्त्रण यसमा हुँदैन । तर स्वतन्त्र लेखाइको अभ्यास गराउनु अघि निर्देशित लेखाइमा विद्यार्थीको राम्रो दखल भएको हुनुपर्छ । वास्तवमा निर्देशित लेखाइ नै स्वतन्त्र लेखाइको आधार शिला हो । निर्देशित लेखाइमा अभ्यास भएको विद्यार्थीले

लेखाइको आफ्नो अनुभवलाई सहजै स्वतन्त्र लेखाइमा उपयोग गर्न सक्दछन् । तर तल्ला कक्षामा स्वतन्त्र लेखाइको अभ्यास गराउँदा वस्तुवर्णन, चित्रवर्णन, प्रश्नोत्तर, घटनावर्णन, मूर्त वस्तुका बारेमा प्रबन्ध लेखन जस्ता प्रारम्भिक कार्यकलापमा सीमित गराउनु नै उपयुक्त हुन्छ ।

### २.३.८ प्रारम्भिक तहमा लेखाइ शिक्षण कस्तो हुनुपर्छ ?

लेखाइको आवश्यकतालाई ध्यान दिँदा त्यसको अभ्यास प्रारम्भिक कक्षा देखि गर्नु पर्ने हुन आउँछ । यस तहमा प्रायः अभ्यासात्मक किसिमको लेखाइको शिक्षण गर्नु उपयुक्त देखिन्छ । प्रारम्भमा खास गरी लिपि चिह्न र वर्णविन्यासको अनुकरण सम्बन्धी अभ्यास गराउनुलाई अभ्यासात्मक किसिमको लेखाइ मानिन्छ । विद्यार्थीहरूलाई बसाइको ढङ्ग, कलम समात्ने तरिका, किनारा छोडाइ जस्ता आधारभूत कुराहरूको पनि अभ्यास गराइन्छ । अक्षरलेखन, अनुलेखन, श्रुतिलेखन आदि यस चरणका प्रमुख कार्यकलाप हुन् । लेखाइमा वालवालिकाको हात र औँलाले क्रमिक नियन्त्रण र आँखा र हातको सन्तुलनमा ध्यान दिनु पर्छ । कक्षाको स्तर बढ्दै गएपछि विस्तार विस्तार उनीहरूलाई अन्य प्रकारका थप अभ्यासहरू पनि गराउँदै जानु पर्छ । जस्तै; प्रश्नोत्तर लेखन, श्रुति रचना, प्रारम्भिक स्तरका चिठीलेखन निवेदनलेखन वस्तुवर्णन, चित्रवर्णन, अनुच्छेदलेखन आदि । सुरु-सुरुमा यस्ता अभ्यासहरू विभिन्न बुँदाहरू दिई निर्देशित किसिमले गराउँनु वेश हुन्छ । पछि गएर उनीहरूलाई आफैले सोच विचार गरेर स्वतन्त्र किसिमले लेख्ने अभ्यास गराउँदै जानु पर्छ । प्रारम्भिक तहमा विद्यार्थीहरूलाई बढी अभ्यासात्मक किसिमको लेखाइको शिक्षण गर्नु पर्छ । विद्यार्थीले जति अभ्यास गर्‍यो त्यति वर्णविन्यास सम्बन्धी शुद्धता ल्याउँछ प्रारम्भिक तहमा लेखाइ सिपलाई नै जोड दिनु पर्छ ।

# अध्याय तिन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ शोधविधि

प्रस्तावित अनुसन्धान कार्य कसरी सम्पन्न गरिदैछ भनी स्पष्ट गर्ने क्रममा अनुसन्धान विधि वा शोध विधिको विवरण शोध प्रस्तावनाका क्रममा सबभन्दा महत्त्वपूर्ण मानिन्छ । यस अन्तर्गत सामग्री सङ्कलनको विधि, प्रक्रिया र अध्ययन विश्लेषणको सैद्धान्तिक आधार तयार गर्नुपर्छ । त्यसैले अनुसन्धानका लागि आवश्यक सामग्रीहरूको स्रोत, सामाग्रीको सङ्कलन र त्यसको परीक्षण एवम् सत्यापान सम्मको समग्र प्रक्रियालाई शोधविधि भनिन्छ । शोध विधि अन्तर्गत जनसङ्ख्या तथा प्रतिनिधि नमुना सामग्री वा उपकरण निर्माण, पूर्व परीक्षण, तथ्य सङ्कलन (अन्तिम परीक्षण) र सामग्रीको व्याख्या विश्लेषण जस्ता कुराहरू पर्दछन् ।

अनुसन्धान एक औपचारिक एवम् व्यवस्थित कार्य भएकाले यसमा विषय सम्बन्धी खास विधिहरूको प्रयोग गरी अध्ययन विश्लेषण गरिन्छ । कुनै पनि कार्य गर्न अध्ययनको आवश्यकता पर्दछ । शोधकार्यको उद्देश्य प्राप्तिको लागि अध्ययन विधिको आवश्यकता पर्दछ र शोधकार्यको विवरण दिनुपर्दछ । प्रस्तुत अध्ययन सुदूर पश्चिमाञ्चलको 'बझाङ जिल्लाका कक्षा तिनमा अध्ययनरत विद्यार्थीहरूको वस्तुवर्णन क्षमताको अध्ययन' शीर्षकको शोधमा मुख्यतः क्षेत्रीय अध्ययन विधि, सर्वेक्षण विधि साथै अवश्यकता अनुरूप अन्य विधिको पनि प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनको प्रक्रियालाई प्रस्तुत गरिएको छ :

## ३.२ सामाग्री सङ्कलन विधि

कुनै पनि  शोधपत्र तयार बनाउनको निम्ति त्यस विषय वा प्रसङ्ग अनुसारका सामग्री सङ्कलन गरिन्छ । सर्व प्रथम अभ्यासमा खोजेको विषयवस्तुमा त्यसको उद्देश्य परिपूर्ति गराउने सामग्री निर्माण गरिएको छ । यस्ता सामग्री विधि निम्नानुसार प्रस्तुत गरिएको छ :

### ३.२.१ क्षेत्रीय अध्ययन विधि

कुनै निश्चित भौगोलिक क्षेत्रमा गई स्थलगत अध्ययनका माध्यमबाट सामग्री सङ्कलन गरिने विधिलाई क्षेत्रीय अध्ययन विधि भनिन्छ । यस विधिले अनुसन्धाता सम्बन्धित प्राकृतिक परिवेशमै पुगेर अध्ययन गर्ने अपेक्षा राख्दछ । भाषिक अनुसन्धानका क्रममा अन्य सामग्री सङ्कलनका विधि भन्दा क्षेत्रीय अनुसन्धान विधि बढी प्रभावकारी मानिन्छ । हिजो आज यो विधि कुनै कार्य योजना, परियोजना औधोगिक प्रतिष्ठान विभिन्न शैक्षिक प्राज्ञिक तथा सामाजिक सङ्घसंस्था आदिले कुनै योजना परियोजना सम्बन्धी स्थिति घटना आदिको कारण, प्रभाव अवस्था जान्नका लागि प्रयोग गर्दछन् । सरोकारवाला सम्बन्धित स्थल वा क्षेत्रमा गएर सोझै प्राथमिक सामग्रीलाई प्रश्नावली, अन्तर्वार्ता, अवलोकन आदि विभिन्न विधि अपनाएर सामग्री सङ्कलन गरी अध्ययन पश्चात समस्या समाधान गर्नमा यो विधि महत्त्वपूर्ण सावित भएको छ ।

क्षेत्रीय अध्ययन विधिमा अनुसन्धानसँग सम्बन्धित क्षेत्रमै गएर त्यहाँको वस्तु स्थितिका बारेमा अध्ययन गरिन्छ । प्रस्तुत शोधकार्य पनि बझाङ जिल्लाका कक्षा तिनमा अध्ययनरत विद्यार्थीहरूमा केन्द्रित रहेको हुँदा  बझाङ जिल्लाका सम्बन्धित विद्यालयहरूमै गएर विद्यार्थीहरूको वस्तुवर्णन क्षमताको अध्ययन गरिएको छ । उक्त अध्ययनका लागि निम्नानुसार विधि र प्रक्रियाको प्रयोग गरिएको छ :

#### ३.२.१.१ जनसङ्ख्या क्षेत्र

प्रस्तुत अध्ययनमा बझाङ जिल्लाका कक्षा तिनमा अध्ययनरत जम्मा १०० जना विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइने छ । मूलतः अनुसन्धान कक्षा तिन अध्ययन गर्ने विद्यार्थीहरूमा सामुदायिक विद्यालय मध्येबाट २५ छात्र र २५ छात्रा, संस्थागत विद्यालय मध्येबाट २५ छात्र र २५ छात्रा गरी समान प्रतिनिधित्त्व हुने गरी जनसङ्ख्या छनोट गरिएको छ ।

#### ३.२.१.२ प्रतिनिधि नमुना

सम्पूर्ण जनसङ्ख्याबाट छानिएका केही एकाइ वा अंशलाई नै प्रति वा नमुना भनिन्छ । जुन पद्धतिले प्रतिदर्श वा नमुनाको छनोट गरिन्छ त्यसलाई नमुना छनोट पद्धति वा प्रतिदर्श पद्धति भनिन्छ । यसरी छनोट गर्दा पनि सम्पूर्ण जनसङ्ख्याको स्पस्ट प्रतिनिधित्त्व

हुन्छ । यो समग्रकै एउटा अंश हो र निश्चित पद्धति अँगाली यो छनोट गरिने हुँदा नमुनाका आधारममा निकालिएको निष्कर्ष समग्रका लागि पनि उपयुक्त हुन्छ ।

अनुसन्धानका लागि लिइएको जनसङ्ख्यामा केन्द्रित भई त्यसबाट छानिएको सानो अंशलाई नमुना भनिन्छ । अध्ययन सम्बन्धित रहेको सम्पूर्ण जनसङ्ख्याबाट केही अंश छान्ने र त्यसलाई सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधि मानेर अध्ययन गर्नेकार्य अनुसन्धानमा हुन्छ । त्यसैले सम्पूर्ण प्रतिनिधित्त्व गराउनु नै नमुना छनोट गर्नु हो । त्यसैले बझाङ जिल्लाका कक्षा तिनमा अध्ययनरत विद्यार्थीहरूको वस्तुवर्णन क्षमताको जाँच गर्नका लागि बझाङ जिल्लाका सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयबाट १०० जना विद्यार्थीहरू छानी अध्ययन गरिएको छ । त्यसै गरी शिक्षक प्रश्नावली फारममा वस्तुवर्णन शिक्षणसम्बन्धी निर्माण गरिएका प्रश्नहरूको उत्तर लिन सम्बन्धित विद्यालयका कक्षा तिनमा नेपाली विषय अध्ययन गराउने एक एक जना शिक्षक गरी जम्मा १० जना शिक्षकलाई पनि नमुनाका रूपमा छनोट गरिएको छ ।

**क) विद्यालयको छनोट**

विद्यालयलाई नमुनाको रूपमा छनोट गर्दा बझाङ जिल्लामा रहेका विद्यालयहरूमा पाँच सामुदायिक र पाँच संस्थागत विद्यालय  गरी दश विद्यालयलाई नमुनाको रूपमा छनोट गरिएको छ । जसमा विद्यालयको नाम भन्दा वेताल उच्च माध्यमिक विद्यालय देउरा (रातापानी), गर्जेपानी उच्च माध्यमिक विद्यालय रायल, जनचेतना प्राथमिक विद्यालय देउरा, नमादेउ माध्यमिक विद्यालय भाडिकोट, डाफ्रू र नमादेउ प्राथमिक विद्यालय चिरगाँऊ बझाङ र संस्थागत विद्यालयहरूमा लिटिल रोज इङ्लिस स्कुल सुनकुडा, गोलोवल इङ्लिस मेडियम स्कूल झोता, बालमैत्री एकेडेमी इङ्लिस बोर्डिङ स्कुल देउरा, केदार डिलाइट बोर्डिङ स्कुल बागथला र लाइट बोर्डिङ स्कुल झोता बझाङ गरी दश वटा विद्यालयलाई नमुनाको रूपमा छनोट गरिएको छ ।

**ख) विद्यार्थीको छनोट**

छनोट गरिएका प्रत्येक विद्यालयबाट प्रति विद्यालय दश जनाका दरले पाँच छात्र र पाँच छात्रा पर्ने गरी सय जना विद्यार्थीको छनोट गरिएको छ । जसमा पचास जना छात्र र पचास जना छात्रा रहेकाछन् । छनोटमा परेका विद्यार्थीहरूको नामावली परिशिष्टमा राखिएको छ ।

### ३.२.२ पुस्तकालय विधि

पुस्तकालयकार्य अनुसन्धानको महत्त्वपूर्ण अङ्ग हो । अभिलेख परक अनुसन्धानका लागि पुस्तकालय नै सामग्रीको मुख्य स्रोत हो । अभिलेख परक अनुसन्धान अन्तर्गत त्यस्ता सबै अनुसन्धानलाई लिन सकिन्छ जसमा पुस्तकालय र अभिलेखालयमा लिखित तथा विद्युतीय माध्ययमा रहेका सामग्री (पुस्तक, पत्रिका, अनुसन्धान प्रतिवेदन, पाण्डुलिपि, क्यासेट, सिडी ऱ्याम, फिल्म आदि) मा आधारित भई अनुसन्धान कार्य  गरिन्छ । यस्ता सामग्रीहरूलाई प्राथमिक र गौण सामग्रीका रूपमा विभाजित गरिन्छ । प्राथमिक सामग्री ती हुन् जो अनुसन्धेय विषयसँग प्रत्यक्ष रूपले सम्बद्ध छन् । उदाहरणका निम्ति देवकोटाका कविताको विश्लेषणात्मक अध्ययन गर्नेहरूका लागि देवकोटाका कविताहरू प्राथमिक सामग्री हुन् भने उनका कविताका विषयमा लेखिएका लेख, ग्रन्थ, समीक्षा आदि गौण सामग्री हुन् । लिखित वा मुद्रित सामग्रीमा आधारित हुने अनुसन्धान कार्यहरूका लागि प्राथमिक र गौण दुबै थरी सामग्री पुस्तकालयबाट प्राप्त हुन्छन् ।

कुनै पनि विषयमा अनुसन्धान गर्नु पूर्व त्यस विषयमा के कस्ता कार्यहरू भएका छन्, के कस्ता विषय गर्न बाँकी छन्, अनुसन्धान गर्दा के कस्ता विधि र प्रक्रियाहरू अवलम्वन गर्नुपर्दछ भन्ने विषयमा जानकारी हासिल गर्न सैद्धान्तिक ज्ञानको आवश्यकता पर्दछ । उक्त सैद्धान्तिक ज्ञान हासिल गर्न पुस्तकालय विधिको प्रयोग गरिने छ । वस्तुवर्णन क्षमता सम्बन्धित भएका पूर्वकार्यको समीक्षा गर्न वस्तुवर्णन क्षमताको अध्ययन गर्दा अवलम्बन गर्नु पर्ने विधि प्रक्रिया र सामग्रीका बारेमा जानकारी लिन विभिन्न पुस्तक तथा पत्रपत्रिकामा अधययन गर्नुपर्ने हुन्छ । यसका लागि पुस्तकालय विधि प्रयोग गरिएको छ ।

## ३.३ सामग्री निर्माण

शोधकार्यको उद्देश्य पूरा गर्नका लागि सर्वप्रथम अध्ययनको प्रकृति अनुसार सामग्री निर्माण गरिनुपर्छ । प्रस्तुत अध्ययनको प्रकृति विद्यार्थीहरूको लेखन सिप परीक्षण गरी तथ्याङ्क सङ्कलन गर्नु पर्ने भएकाले सोही अनुरूपका सामग्री निर्माण गरिएको छ । प्रस्तुत अध्ययनमा प्रयोग गरिने सामग्री निर्माण गर्ने क्रममा विद्यार्थीहरूको वस्तुवर्णन क्षमता अध्ययनका लागि 'वायुमण्डलीय चक्र' 'गाई' गरी दुई किसिमका वस्तु वा चित्र दिएर लिखित वर्णन गर्नाका लागि शीर्षकलाई प्रश्नका रूपमा छनोट गरिएको छ । उक्त प्रश्नहरू परिशिष्टमा उल्लेख गरिएको छ ।

## ३.४ सामग्रीको मानकीकरण

अध्ययनका लागि परीक्षणीय सामग्रीलाई अन्तिम रूप प्रदान गरिसकेपछि सम्बन्धित विद्यालयमा गई प्रधानाध्यपक र विषय शिक्षकसँग सम्पर्क गरी परीक्षणका लागि विद्यार्थीहरू उपलब्ध गराई दिनुहुन अनुरोध गरियो । त्यसपछि विद्यार्थीहरूलाई शान्त र मर्यादित वातावरणमा परीक्षा सञ्चालन गर्नु पूर्व उनीहरूलाई परीक्षा समय, परीक्षाका केही नियम बारेमा अवगत गराइयो । त्यसपछि परीक्षणको लागि समयावधि तोकी परीक्षा सञ्चालन गरियो । निर्धारित वस्तुवर्णनको शीर्षकमा 'वायुमण्डलीय चक्र' र 'गाई' को वस्तु वा चित्र प्रत्यक विद्यार्थीको हातमा दिएर २५/२५ मिनेट गरी जम्मा ५० मिनेटको समय सीमा भित्र वस्तुवर्णन लेख्न लगाइयो । तोकिएको समयावधि सिद्धिए पछि उत्तर पुस्तिका सङ्कलन गरिएको थियो र अन्त्यमा प्रधानाध्यपक लगाएत सम्पूर्ण विद्यालय परिवारलाई धन्यावाद दिई आफ्नो कार्य तिर लागियो ।

### ३.४.१ मानकीकरणको औचित्य

मानकीकरणको औचित्यलाई निम्नानुसार देखाउन सकिन्छ :

- सामग्रीको मानकीकरण र अङ्कन प्रक्रिया गर्दा विद्यार्थीहरूको बौद्धिक क्षमता बुझि त्यसैअनुसारका प्रश्नहरू दिन सजिलो हुन्छ,
- विद्यार्थीहरूको बौद्धिक परीक्षण गर्न सहयो गर्छ,
- विद्यार्थीहरूको स्तरअनुसारका प्रश्नहरू निर्माण गर्नमा सहयोग गर्छ,
- स्पष्ट र सरल भाषामा परिभाषित मानकीकरण अनुसन्धानलाई मार्ग प्रदर्शन गर्छ र निश्चित गन्तव्य तर्फ उन्मुख गराउँछ,
- अनुसन्धानलाई अझ विश्वसनीय, प्रमाणीक र वैध बनाउँछ ।

## ३.५ अङ्कन प्रक्रिया

वस्तुवर्णन क्षमता अङ्कन निर्माण यस अध्ययनको तथ्याङ्क हुने भएकाले विद्यार्थीहरूको उत्तर पुस्तिका सङ्कलन पश्चात उत्तर कुञ्जिका तयार पारियो । उक्त परीक्षणमा अङ्कन प्रक्रिया निम्नानुसार गरियो :

तालिका नं. ३.१

| 'वायुमण्डलीय चक्र' | विषय वस्तु | भाषा शैली | प्रस्तुति | भाषिक शुद्धता | जम्मा पूर्णाङ्क |
|---|---|---|---|---|---|
| अङ्कभार | ५० | २० | २० | १० | १०० |
| **'गाई'** | **विषय वस्तु** | **भाषा शैली** | **प्रस्तुति** | **भाषिक शुद्धता** | **जम्मा पूर्णाङ्क** |
| अङ्कभार | ५० | २० | २० | १० | १०० |
| **जम्मा** | | | | | **२००** |

### ३.५.१ अङ्कन प्रक्रियाको औचित्य

अङ्कन प्रक्रियाको औचित्यलाई निम्नानुसार देखाउन सकिन्छ :

- विद्यार्थीहरूको विषयवस्तुप्रतिको ज्ञानलाई मूल्याङ्कन गर्न,
- विद्यार्थीहरूले वस्तुवर्णन गर्दा प्रयोग गर्ने भाषा शैलीका बारेमा जानकारी गराउँछ,
- विद्यार्थीहरूको प्रस्तुति गर्ने क्षमताको जानकारी गराउँछ,
- विद्यार्थीहरूले वस्तुवर्णन गर्दा भाषिक शुद्धता कतिको प्रयोग गर्दछन भन्ने कुराको जानकारी गराउँछ ।

## ३.६ तथ्याङ्कको सङ्कलन

निर्मित तथा मानकीकृत सामग्रीलाई सम्बन्धित अध्ययन क्षेत्रमा प्रयोग गरियो । नमुना जनसङ्ख्यामा परेका विद्यालय तथा विद्यार्थीहरूलाई अध्ययनको औचित्य र महत्त्व बारे स्पष्ट पारियो । छनोटमा परेका चित्र तथा वस्तुहरूका बारेमा आवश्यक जानकारी दिई विद्यार्थीहरूलाई उत्तर लेख्न वा वस्तुवर्णन गर्न अभिप्रेरित गरियो । ५० मिनेटको समय सीमा भित्र रही एकले अर्काको नहरी आफ्नै मौलिक उत्तर लेख्न निर्देशन दिइयो । विद्यार्थीहरूलाई आफ्नो नाम थर विद्यालयको नाम र रोल नम्वर लेख्न लगाइयो र विद्यार्थीहरूको उत्तर पुस्तिकाको सङ्कलन गरियो ।

परीक्षा सम्पन्न भए पश्चात विद्यार्थीहरूले लेखेको वस्तुवर्णनको परीक्षणबाट प्राप्त अङ्क नै यस अध्ययनको तथ्याङ्क हुने भएकाले विद्यार्थीहरूको उत्तर पुस्तिका सङ्कलन

पश्चात शोध निर्देशनको सल्लाह अनुसार उत्तरकुञ्जिका तयार पारियो । तथ्याङ्क सङ्कलनका लागि उत्तर पुस्तिकामा अङ्कित गरिएको प्राप्ताङ्कलाई लैङ्गिकता, विद्यालयको प्रकृति आदि समूहहरूमा वर्गीकरण गरी तालिकीकरणका माध्ययमबाट छुट्टाछुट्टै रूपमा वर्गीकरण गरिएको छ ।

## ३.७ विश्लेषण प्रक्रिया

सङ्कलित तथ्याङ्कको वर्गीकरण पश्चात् विद्यार्थीहरूको वस्तुवर्णन क्षमताको विश्लेषण गरिने छ । 'वायुमण्डलीय चक्र' र 'गाई' को चित्रमा विद्यार्थीले गरेको वर्णका आधारमा प्राप्त गरेको अङ्कलाई प्रतिशत, मध्यमान समूहगत आधारमा विद्यार्थीको प्राप्ताङ्मा के कति भिन्नता छ भनेर पत्ता लगाउन मानक विचलन समेत निकालेर वस्तुवर्णन क्षमता अध्ययन गरिएको छ ।

तथ्याङ्क विश्लेषण गर्दा विद्यार्थीहरूको वस्तुवर्णन क्षमता पत्ता लगाई त्यसका आधारमा विद्यार्थीले वस्तुवर्णनका कुन अङ्गमा बढी र कुन अङ्गमा कम गल्ती गरे त्यसको पहिचान गरिएको छ । साथै सामुदायिक र संस्थागत सहरी र ग्रामीण क्षेत्रका विद्यालय त्यस्तै छात्र र छात्रामध्ये कसको लेखन क्षमता राम्रो छ भनि पत्ता लगाउन, तुलनात्मक अध्ययन गरी क्षमता पहिल्याउने कार्य गरिएको छ ।

यसरी तालिकीकरण गरिएको तथ्याङ्कलाई तथ्याङ्क शास्त्रीय गणनाहरू प्रतिशत, मध्यमान, र मानक विचलन प्रयोग गरी विश्लेषण गरिएको छ । विश्लेषण गरिएको तथ्याङ्कलाई दण्डा रेखा समेत प्रस्तुत गरी प्राप्ताङ्कलाई स्पष्ट पारिएको छ ।

प्रस्तुत अध्ययनका क्रममा उपयोगमा ल्याइने साङ्ख्यिकीय सूत्रहरू निम्नानुसार रहेका छन् :

**१. मध्यमान (Mean)गणना गर्न प्रयोगमा ल्याइने सूत्र**

मध्यमान $(\bar{x}) = \frac{\Sigma fx}{N}$

*यहाँ,*

$\bar{x}$ = मध्यमान (एक्सवार)

$\Sigma$ = जोड योगफल

$f =$ आवृत्ति

$x =$ चल

$N =$ जम्मा सङ्ख्या

२. **मानक विचलन प्रयोग गर्दा ल्याइने सूत्र**

$$\sigma = \frac{\sqrt{\Sigma X^2}}{N}$$

$\sum =$ जोड योगफल

$fx =$ प्राप्ताङ्क र आवृत्तिको गुणना

$fx^2 =$ प्राप्ताङ्क र आवृत्तिको गुणनफल

$N =$ जम्मा सङ्ख्या

यसरी सामग्रीको सङ्कलनमा आवश्यक सैद्धान्तिक अध्ययनका लागि पुस्तकालयीय विधि तथा अन्य सामग्री सङ्कलनका लागि क्षेत्रीय अध्ययन विधिलाई अवलम्बन गरिएको छ । अध्ययनलाई वस्तुगत र वैज्ञानिक बनाउन सकेसम्म प्राथमिक स्रोतवाटै सामग्री सङ्कलन गरी सामग्रीको सत्यापन, वर्गीकरण र विश्लेषण गरी निष्कर्ष निकाल्ने काम गरिएको छ यसरी अध्ययनलाई वस्तुगत र वैज्ञानिक बनाउने प्रयास गरिएको छ ।

## अध्याय चार

# व्याख्या तथा विश्लेशण

प्रस्तुत अध्ययनमा शोध प्रस्तावमा उल्लेख गरिएअनुसार कक्षा तिनमा अध्ययनरत विद्यार्थीहरूको वस्तुवर्णन क्षमताको अध्ययन शीर्षकअन्तर्गत रहेर विभिन्न विद्यालयमा गई वस्तुवर्णन क्षमताको परीक्षणका लागि सङ्कलन गरिएका तथ्याङ्कको विश्लेषण गरिएको छ । वस्तुवर्णन क्षमताको विश्लेषण गर्न विभिन्न आधारहरू लिइएको छ । ती आधारहरूमा वस्तुवर्णन शीर्षकका आधारमा 'वायुमण्डलीय चक्र' र 'गाई', लैङ्गिकताका आधारमा छात्र र छात्रा, विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यार्थी रहेका छन् । यस आधारमा एकातिर कक्षा तिनमा अध्ययनरत विद्यार्थीको वस्तुवर्णन क्षमताको स्थिति पत्ता लगाइएको छ भने अर्कोतिर विभिन्न आधारमा ती विद्यार्थीको वस्तुवर्णन क्षमतामा के कस्तो अन्तर रहेको छ भन्ने पत्ता लगाउन तुलना गरिएको छ । व्याख्या तथा विश्लेशणलाई वस्तुगत र वैज्ञानिक बनाउन परीक्षणबाट प्राप्त तथ्याङ्कहरूलाई तालिकीकरण गरी प्रतिशत गणना मध्यमान र मानक विचलन जस्ता तथ्याङ्क शास्त्रीय विधिहरूलाई उपयोग गरिएको छ ।

## ४.१ समग्रमा विद्यार्थीहरूको वस्तुवर्णन क्षमता

तलको तालिकामा समग्रमा विद्यार्थीहरूको वस्तुवर्णन क्षमता निम्नानुसार गरिएको छ :

**तालिका नं. ४.१**

**समग्रमा विद्यार्थीहरूको वस्तुवर्णन क्षमता**

| विद्यार्थी संख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | औसत प्रतिशत | मध्यमानभन्दा माथि | मध्यमानभन्दा तल |
|---|---|---|---|---|---|---|
| १०० | २०० | ११२.२३ | ९.१७ | ५९.२७ | ६० | ४० |

माथिको तालिकमा परीक्षणबाट प्राप्त तथ्याङ्कलाई छात्र र छात्रा, सामुदायिक र संस्थागत एवम् ग्रामीण क्षेत्रका विद्यर्थीहरूको आधारमा विश्लेषण गरिएको छ । यसमा जम्मा १०० जना विद्यार्थीहरूको 'वायुमण्डलीय चक्र' र 'गाई' दुवै वस्तुवर्णन क्षमताको

मध्यमान  ११२.२३, मानक विचलन ९.१७ छ भने औसत प्रतिशत ५९.२७ प्राप्त गरेका छन् । जसमा विद्यार्थीहरूमा मध्यमानभन्दा माथि हुनेहरू ६० जना रहेका छन् भने मध्यमानभन्दा तल ४० जना रहेका छन् । समग्रमा माथिको प्राप्ताङ्कको विश्लेषणबाट विद्यार्थीहरूको वस्तुवर्णन क्षमता सन्तोषजनक देखिन्छ ।

### ४.१.१ प्रत्येक विद्यालयको वस्तुवर्णन क्षमता

'बझाङ जिल्लाका कक्षा तिनमा अध्ययनरत विद्यार्थीहरूको वस्तुवर्णन क्षमताको अध्ययन' गर्ने क्रममा नमुनाको रूपमा लगिएका बझाङ जिल्लाका १० वटा विद्यालयहरूको छुट्टा-छुट्टै वस्तुवर्णन क्षमता निम्नानुसार देखाउन सकिन्छ :

#### ४.१.१.१ वेताल उच्च माध्यमिक विद्यालय देउरा (रातापानी) बझाङका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता

तलको तालिकामा वेताल उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको 'वायुमण्डलीय चक्र' र 'गाई' वस्तुवर्णन क्षमताको अध्ययन निम्नानुसार देखाइएको छ :

**तालिका नं. ४.२**

**वेताल उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता**

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | वायुमण्डलीय चक्र | | | गाई | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | मध्यमान | मानक विचलन | प्रतिशत | मध्यमान | मानक विचलन | प्रतिशत | मध्यमान | मानक विचलन |
| १० | २०० | ५६.२ | १६.८७ | ५६.२ | ५६.३ | १६.२९ | ५६.३ | ११२.५ | ३३.१६ |

माथिको तालिकामा 'वायुमण्डली चक्र' र 'गाई' दुबै प्रकारका वस्तुवर्णनका आधारमा श्री वेताल उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमताको विश्लेषण गरिएको छ। 'वायुमण्डलीय चक्र' वस्तुवर्णनका आधारमा विद्यार्थीहरूको मध्यमान र औसत प्रतिशत ५६.२ र मानक विचलन १६.८७ रहेको छ। त्यस्तै 'गाई' वस्तुवर्णनका आधारमा विद्यार्थीहरूको मध्यमान र औसत प्रतिशत ५६.३ र मानक विचलन १६.२९ रहेको छ।  'वायुमण्डली चक्र' र 'गाई' दुबै वस्तुवर्णनको मध्यमान ११२.५ र मानक विचलन ३३.१६ रहेको छ । उक्त विश्लेषणका आधारमा वेताल उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता राम्रो रहेको देखिन्छ ।

### ४.१.१.२ गर्जेपानी उच्च माध्यमिक विद्यालय रायल बझाङका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता

तलको तालिकामा गर्जेपानी उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको 'वायुमण्डलीय चक्र' र 'गाई' वस्तुवर्णन क्षमताको अध्ययन निम्नानुसार देखाइएको छ :

**तालिका नं. ४.३**

**गर्जेपानी उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता**

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | वायुमण्डलीय चक्र | | | गाई | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | मध्यमान | मानक विचलन | प्रतिशत | मध्यमान | मानक विचलन | प्रतिशत | मध्यमान | मानक विचलन |
| १० | २०० | ५३.८ | १३.४ | ५३.८ | ५५.७ | १२.९३ | ५५.७ | १०९.५ | २६.३३ |

माथिको तालिकामा 'वायुमण्डली चक्र' र 'गाई' दुबै प्रकारका वस्तुवर्णनका आधारमा श्री गर्जेपानी उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमताको विश्लेषण गरिएको छ । 'वायुमण्डलीय चक्र' वस्तुवर्णनका आधारमा विद्यार्थीहरूको मध्यमान र औसत प्रतिशत ५३.८ र मानक विचलन १३.४ रहेको छ । त्यस्तै 'गाई' वस्तुवर्णनका आधारमा विद्यार्थीहरूको मध्यमान र औसत प्रतिशत ५५.७ र मानक विचलन १२.९३ रहेको छ ।  'वायुमण्डली चक्र' र 'गाई' दुबै वस्तुवर्णनको मध्यमान १०९.५ र मानक विचलन २६.३३ रहेको छ । उक्त विश्लेषणका आधारमा गर्जेपानी उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता सन्तोषजनक रहेको पाइन्छ ।

### ४.१.१.३ नमादेउ प्राथमिक विद्यालय चिरगाउँका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता

तलको तालिकामा नमादेउ प्राथमिक विद्यालय चिरगाउँ, रायल-५ बझाङका विद्यार्थीहरूको 'वायुमण्डलीय चक्र' र 'गाई' वस्तुवर्णन क्षमताको अध्ययन निम्नानुसार देखाइएको छ :

**तालिका नं. ४.४**

**नमादेउ प्राथमिक विद्यालय चिरगाउँका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता**

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | वायुमण्डलीय चक्र | | | गाई | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | मध्यमान | मानक विचलन | प्रतिशत | मध्यमान | मानक विचलन | प्रतिशत | मध्यमान | मानक विचलन |
| १० | २०० | ४५ | १२.०४ | ४५ | ५३.५ | १४.२३ | ५३.५ | ९८.५ | २६.२७ |

माथिको तालिकामा 'वायुमण्डली चक्र' र 'गाई' दुबै प्रकारका वस्तुवर्णनका आधारमा श्री नमादेउ प्राथमिक विद्यालय चिरगाउँका विद्यार्थीहरूको वस्तुवर्णन क्षमताको विश्लेषण गरिएको छ । 'वायुमण्डलीय चक्र' वस्तुवर्णनका आधारमा विद्यार्थीहरूको मध्यमान र औसत प्रतिशत ४५ र मानक विचलन १२.०४ रहेको छ । त्यस्तै 'गाई' वस्तुवर्णनका आधारमा विद्यार्थीहरूको मध्यमान र औसत प्रतिशत ५३.५ र मानक विचलन १४.२३ रहेको छ । 'वायुमण्डली चक्र' र 'गाई' दुबै वस्तुवर्णनको मध्यमान ९८.५ र मानक विचलन २६.२७ रहेको छ । उक्त विश्लेषणका आधारमा नमादेउ प्राथमिक विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता सन्तोसजनक रहेको पाइन्छ तर 'वायुमण्डली चक्र' वस्तुवर्णनमा कमजोर रहेको पाइन्छ ।

### ४.१.१.४ जनचेतना प्राथमिक विद्यालय देउरा बभ्क्ताङका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता

तलको तालिकामा जनचेतना प्राथमिक विद्यालय देउरा बभ्क्ताङका विद्यार्थीहरूको 'वायुमण्डलीय चक्र' र 'गाई' वस्तुवर्णन क्षमताको अध्ययन निम्नानुसार देखाइएको छ :

**तालिका नं. ४.५**

**जनचेतना प्राथमिक विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता**

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | वायुमण्डलीय चक्र | | | गाई | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | मध्यमान | मानक विचलन | प्रतिशत | मध्यमान | मानक विचलन | प्रतिशत | मध्यमान | मानक विचलन |
| १० | २०० | ४५.७ | १६.३२ | ४५.७ | ४९.८ | १६.४१ | ४९.८ | ९५.५ | ३२.७३ |

माथिको तालिकामा 'वायुमण्डली चक्र' र 'गाई' दुबै प्रकारका वस्तुवर्णनका आधारमा श्री जनचेतना प्राथमिक विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमताको विश्लेषण गरिएको छ । 'वायुमण्डलीय चक्र' वस्तुवर्णनका आधारमा विद्यार्थीहरूको मध्यमान र औसत प्रतिशत ४५.७ र मानक विचलन १६.३२ रहेको छ । त्यस्तै 'गाई' वस्तुवर्णनका आधारमा विद्यार्थीहरूको मध्यमान र औसत प्रतिशत ४९.८ र मानक विचलन १६.४१ रहेको छ । 'वायुमण्डली चक्र' र 'गाई' दुबै वस्तुवर्णनको मध्यमान ९५.५ र मानक विचलन ३२.७३ रहेको छ । उक्त विश्लेषणका आधारमा जनचेतना प्राथमिक विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता सन्तोषसजनक रहेको पाइदैन ।

### ४.१.१.५ नमादेउ माध्यमिक विद्यालय डाफ्रू भाडीकोट बझाङका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता

तलको तालिकामा नमादेउ मााध्यमिक विद्यालयका विद्यार्थीहरूको 'वायुमण्डलीय चक्र' र 'गाई' वस्तुवर्णन क्षमताको अध्ययन निम्नानुसार देखाइएको छ :

**तालिका नं. ४.६**

**नमादेउ माध्यमिक विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता**

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | वायुमण्डलीय चक्र | | | गाई | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | मध्यमान | मानक विचलन | प्रतिशत | मध्यमान | मानक विचलन | प्रतिशत | मध्यमान | मानक विचलन |
| १० | २०० | ५६ | १२ | ५६ | ५७ | १२.४८ | ५७ | ११३ | २४.४८ |

माथिको तालिकामा 'वायुमण्डली चक्र' र 'गाई' दुबै प्रकारका वस्तुवर्णनका आधारमा श्री नमादेउ माध्यमिक विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमताको विश्लेषण गरिएको छ । 'वायुमण्डलीय चक्र' वस्तुवर्णनका आधारमा विद्यार्थीहरूको मध्यमान र औसत प्रतिशत ५६ र मानक विचलन १२ रहेको छ । त्यस्तै 'गाई' वस्तुवर्णनका आधारमा विद्यार्थीहरूको मध्यमान र औसत प्रतिशत ५७ र मानक विचलन १२.४८ रहेको छ । 'वायुमण्डली चक्र' र 'गाई' दुबै वस्तुवर्णनको मध्यमान ११३ र मानक विचलन २४.४८ रहेको छ । उक्त विश्लेषणका आधारमा नमादेउ माध्यमिक विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता सन्तोषजनक रहेको पाइन्छ ।

### ४.१.१.६ लिटिल रोज इङ्लिस स्कुल सुनकुडा बभाङका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता

तलको तालिकामा लिटिल रोज इङ्लिस स्कुलका विद्यार्थीहरूको 'वायुमण्डलीय चक्र' र 'गाई' वस्तुवर्णन क्षमताको अध्ययन निम्नानुसार देखाइएको छ :

**तालिका नं. ४.७**

**लिटिल रोज इङलिस स्कुलकाका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता**

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | वायुमण्डलीय चक्र | | | गाई | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | मध्यमान | मानक विचलन | प्रतिशत | मध्यमान | मानक विचलन | प्रतिशत | मध्यमान | मानक विचलन |
| १० | २०० | ४७ | १२.४८ | ४७ | ५३ | १२.३८ | ५३ | १०० | २४.८६ |

माथिको तालिकामा 'वायुमण्डली चक्र' र 'गाई' दुबै प्रकारका वस्तुवर्णनका आधारमा श्री लिटिल रोज इङ्लिस स्कुलका विद्यार्थीहरूको वस्तुवर्णन क्षमताको विश्लेषण गरिएको छ । 'वायुमण्डलीय चक्र' वस्तुवर्णनका आधारमा विद्यार्थीहरूको मध्यमान र औसत प्रतिशत ४७ र मानक विचलन १२.४८ रहेको छ । त्यस्तै 'गाई' वस्तुवर्णनका आधारमा विद्यार्थीहरूको मध्यमान र औसत प्रतिशत ५३ र मानक विचलन १२.३८ रहेको छ । 'वायुमण्डली चक्र' र 'गाई' दुबै वस्तुवर्णनको मध्यमान १०० र मानक विचलन २४.८६ रहेको छ । उक्त विश्लेषणका आधारमा लिटिल रोज इङलिस स्कूलका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता सन्तोषजनक रहेको पाइन्छ ।

### ४.१.१.७ गोलोवल टच इङ्लिस मेडियम स्कुल भोता बभाङका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता

तलको तालिकामा गोलोवल टच इङ्लिस स्कुलका विद्यार्थीहरूको 'वायुमण्डलीय चक्र' र 'गाई' वस्तुवर्णन क्षमताको अध्ययन निम्नानुसार देखाइएको छ :

### तालिका नं. ४.८

### गोलोवल टच इङलिस स्कुलकाका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | वायुमण्डलीय चक्र | | | गाई | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | मध्यमान | मानक विचलन | प्रतिशत | मध्यमान | मानक विचलन | प्रतिशत | मध्यमान | मानक विचलन |
| १० | २०० | ५७ | ११.८७ | ५७ | ५८.७ | ९.८ | ५८.७ | ११५.७ | २१.६७ |

माथिको तालिकामा 'वायुमण्डली चक्र' र 'गाई' दुबै प्रकारका वस्तुवर्णनका आधारमा श्री गोलोवल टच इङ्लिस मेडियम स्कुलका विद्यार्थीहरूको वस्तुवर्णन क्षमताको विश्लेषण गरिएको छ । 'वायुमण्डलीय चक्र' वस्तुवर्णनका आधारमा विद्यार्थीहरूको मध्यमान र औसत प्रतिशत ५७ र मानक विचलन ११.८७ रहेको छ । त्यस्तै 'गाई' वस्तुवर्णनका आधारमा विद्यार्थीहरूको मध्यमान र औसत प्रतिशत ५८.७ र मानक विचलन ९.८ रहेको छ ।  'वायुमण्डली चक्र' र 'गाई' दुबै वस्तुवर्णनको मध्यमान ११५.७ र मानक विचलन २१.६७ रहेको छ । उक्त विश्लेषणका आधारमा गोलोवल टच इङलिस मेडियम स्कूलका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता सन्तोषजनक रहेको पाइन्छ ।

### ४.१.१.८ केदार डिलाइट इङ्लिस बोर्डिङ स्कुल बागथला बभ्ताङका विद्यार्थीहरूको वस्तुवर्णनक्षमता

तलको तालिकामा केदार डिलाइट इङ्लिस बोर्डिङ स्कुलका विद्यार्थीहरूको 'वायुमण्डलीय चक्र' र 'गाई' वस्तुवर्णन क्षमताको अध्ययन निम्नानुसार देखाइएको छ :

### तालिका नं. ४.९

### केदार डिलाइट बोर्डिङ इङलिस स्कुलकाका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | वायुमण्डलीय चक्र | | | गाई | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | मध्यमान | मानक विचलन | प्रतिशत | मध्यमान | मानक विचलन | प्रतिशत | मध्यमान | मानक विचलन |
| १० | २०० | ४९ | १३.३७ | ४९ | ५३.७ | १०.८७ | ५३.७ | १०२.७ | २४.२४ |

माथिको तालिकामा 'वायुमण्डली चक्र' र 'गाई' दुबै प्रकारका वस्तुवर्णनका आधारमा केदार डिलाइट बोर्डिङ इङ्लिस स्कुलका विद्यार्थीहरूको वस्तुवर्णन क्षमताको विश्लेषण गरिएको छ । 'वायुमण्डलीय चक्र' वस्तुवर्णनका आधारमा विद्यार्थीहरूको मध्यमान र औसत प्रतिशत ४९ र मानक विचलन १३.३७ रहेको छ । त्यस्तै 'गाई' वस्तुवर्णनका आधारमा विद्यार्थीहरूको मध्यमान र औसत प्रतिशत ५३.७ र मानक विचलन १०.८७ रहेको छ । 'वायुमण्डली चक्र' र 'गाई' दुबै वस्तुवर्णनको मध्यमान १०२.७ र मानक विचलन २४.२४ रहेको छ । उक्त विश्लेषणका आधारमा केदार डिलाइट बोर्डिङ इङलिस स्कूलका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता सन्तोषजनक रहेको पाइन्छ ।

### ४.१.१.९ बालमैत्री एकेडेमी देउरा बभ्काङका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता

तलको तालिकामा बालमैत्री एकेडेमी देउरा बभ्काङका विद्यार्थीहरूको 'वायुमण्डलीय चक्र' र 'गाई' वस्तुवर्णन क्षमताको अध्ययन निम्नानुसार देखाइएको छ :

**तालिका नं. ४.१०**

**बालमैत्री एकेडेमीका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता**

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | वायुमण्डलीय चक्र | | | गाई | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | मध्यमान | मानक विचलन | प्रतिशत | मध्यमान | मानक विचलन | प्रतिशत | मध्यमान | मानक विचलन |
| १० | २०० | ५३.७ | १५.४ | ५३.७ | ५८.४ | ४.९ | ५८.४ | ११२.१ | २०.३ |

माथिको तालिकामा 'वायुमण्डली चक्र' र 'गाई' दुबै प्रकारका वस्तुवर्णनका आधारमा बालमैत्री एकेडेमीका विद्यार्थीहरूको वस्तुवर्णन क्षमताको विश्लेषण गरिएको छ । 'वायुमण्डलीय चक्र' वस्तुवर्णनका आधारमा विद्यार्थीहरूको मध्यमान र औसत प्रतिशत ५३.७ र मानक विचलन १५.४ रहेको छ । त्यस्तै 'गाई' वस्तुवर्णनका आधारमा विद्यार्थीहरूको मध्यमान र औसत प्रतिशत ५८.४ र मानक विचलन ४.९ रहेको छ । 'वायुमण्डली चक्र' र 'गाई' दुबै वस्तुवर्णनको मध्यमान ११२.१ र मानक विचलन २०.३ रहेको छ । उक्त विश्लेषणका आधारमा बालमैत्री एकेडेमीका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता सन्तोषजनक रहेको पाइन्छ ।

### ४.१.१.१० बझाङ लाइट इङलिस बोर्डिङ स्कुल झोता बझाङका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता

तलको तालिकामा बझाङ लाइट इङलिस बोर्डिङ स्कुल झोता बझाङका विद्यार्थीहरूको 'वायुमण्डलीय चक्र' र 'गाई' वस्तुवर्णन क्षमताको अध्ययन निम्नानुसार देखाइएको छ :

**तालिका नं. ४.११**

**बझाङ लाइट इङलिस बोर्डिङ स्कुल झोता बझाङका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता**

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | वायुमण्डलीय चक्र | | | गाई | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | मध्यमान | मानक विचलन | प्रतिशत | मध्यमान | मानक विचलन | प्रतिशत | मध्यमान | मानक विचलन |
| १० | २०० | ६०.३ | ११.२ | ६०.३ | ६०.७ | १३.७२ | ६०.७ | १२१ | २४.९२ |

माथिको तालिकामा 'वायुमण्डली चक्र' र 'गाई' दुबै प्रकारका वस्तुवर्णनका आधारमा बझाङ लाइट इङलिस बोर्डिङ स्कल झोता बझाङका विद्यार्थीहरूको वस्तुवर्णन क्षमताको विश्लेषण गरिएको छ। 'वायुमण्डलीय चक्र' वस्तुवर्णनका आधारमा विद्यार्थीहरूको मध्यमान र औसत प्रतिशत ६०.३ र मानक विचलन ११.२ रहेको छ । त्यस्तै 'गाई' वस्तुवर्णनका आधारमा विद्यार्थीहरूको मध्यमान र औसत प्रतिशत ६०.७ र मानक विचलन १३.७२ रहेको छ। 'वायुमण्डली चक्र' र 'गाई' दुबै वस्तुवर्णनको मध्यमान १२१ र मानक विचलन २४.९२ रहेको छ । उक्त विश्लेषणका आधारमा बझाङ लाइट इङलिस बोर्डिङ स्कुल झोता बझाङका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता सन्तोसजनक रहेको पाइन्छ।

## ४.२ विद्यालयको प्रकृतिका आधारमा वस्तुवर्णन क्षमता

विद्यालयको प्रकृतिका आधारमा विद्यर्थीहरूको वस्तुवर्णन क्षमता निम्नानुसार देखाउन सकिन्छ :

### ४.२.१ सामुदायिक विद्यालयका विद्यार्थीहरूको 'वायुमण्डलीय चक्र' वस्तुवर्णन क्षमताको स्थिति

तलको तालिकामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको 'वायुमण्डलीय चक्र' वस्तुवर्णन क्षमता निम्नानुसार देखाइएको छ :

**तालिका नं. ४.१२**

**सामुदायिक विद्यालयको विद्यार्थीहरूका 'वायुमण्डलीय चक्र' वस्तुवर्णन स्थिति**

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | औसत प्रतिशत | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | सं. | प्र. | सं. | प्र. | सं. | प्र. |
| ५० | १०० | ५१.३४ | १५.१२ | ५१.३४ | २७ | ५४ | २३ | ४६ | ५० | १०० |

माथिको तालिकाअनुसार सामुदायिक विद्यालयका कुल ५० जना विद्यार्थीहरूले 'वायुमण्डलीय चक्र' वस्तुवर्णनका आधारमा प्राप्त गरेको प्रप्ताङ्कको मध्यमान ५१.३४, मानक विचलन १५.१२ र औसत प्रतिशत ५१.३४ पाइयो उक्त परिक्षणमा मध्यमानभन्दा माथि रहेका विद्यार्थीहरूको सङ्ख्या २७ अर्थात् ५४ प्रतिशत र मध्यमानभन्दा तल रहेका विद्यार्थीहरूको सङ्ख्या २३ अर्थात् ४६ प्रतिशत रहेको पाइयो । प्राप्त तथ्याङ्क अनुसार 'वायुमण्डलीय चक्र' वस्तुवर्णनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

### ४.२.२ संस्थागत विद्यालयका विद्यार्थीहरूको 'वायुमण्डलीय चक्र' वस्तुवर्णन क्षमताको स्थिति

तलको तालिकामा संस्थागत विद्यालयका विद्यार्थीहरूको 'वायुमण्डलीय चक्र' वस्तुवर्णन क्षमता निम्नानुसार देखाइएको छ :

**तालिका नं. ४.१३**

**संस्थागत विद्यालयका विद्यार्थीहरूको 'वायुमण्डलीय चक्र' वस्तुवर्णन क्षमताको स्थिति**

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | औसत प्रतिशत | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | सं. | प्र. | सं. | प्र. | सं. | प्र. |
| ५० | १०० | ५३.४ | १३.८५ | ५३.४ | ३० | ६० | २० | ४० | ५० | १०० |

माथिको तालिकाअनुसार संस्थागत विद्यालयका कुल ५० जना विद्यार्थीहरूको 'वायुमण्डलीय चक्र' वस्तुवर्णनका आधारमा प्राप्त गरेका प्राप्ताङ्क मध्यमान ५३.४, मानक विचलन १३.८५ र औसत प्रतिशत ५३.४ रहेको पाइयो । उक्त परीक्षणमा मध्यमानभन्दा माथि रहेका विद्यार्थीहरूको सङ्ख्या ३० अर्थात् ६० प्रतिशत र मध्यमानभन्दा तल रहेका विद्यार्थीहरूको सङ्ख्या २० अर्थात् ४० प्रतिशत रहेको पाइयो । प्राप्त तथ्याङ्क अनुसार 'वायुमण्डलीय चक्र' वस्तुवर्णनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता राम्रो रहेको देखिन्छ ।

### ४.२.३ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको 'वायुमण्डलीय चक्र' वस्तुवर्णन क्षमताको तुलना

तलको तालिकामा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको 'वायुमण्डलीय चक्र' वस्तुवर्णन क्षमता निम्नानुसार देखाइएको छ :

**तालिका नं. ४.१४**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको 'वायुमण्डलीय चक्र' वस्तुवर्णन क्षमताको तुलना**

| विद्यालयको प्रकृति | विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | औसत प्रतिशत | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | सं. | प्र. | सं. | प्र. | सं. | प्र. |
| सामुदायिक | ५० | १०० | ५१.३४ | १५.१२ | ५१.३४ | २७ | ५४ | २३ | ४६ | ५० | १०० |
| संस्थागत | ५० | १०० | ५३.४ | १३.८५ | ५३.४ | ३० | ६० | २० | ४० | ५० | १०० |

'वायुमण्डलीय चक्र' वस्तुवर्णनका आधारमा वस्तुवर्णन क्षमतालाई सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनात्मक रूपमा विश्लेषण गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान ५१.३४ र संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान ५३.४ पाइयो । यस अनुसार 'वायुमण्डलीय चक्र' वस्तुवर्णन क्षमतामा सामुदायिक विद्यालयका विद्यार्थीहरूका भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता राम्रो देखिन्छ । त्यस्तै सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क औसत प्रतिशत ५१.३४ रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क औसत प्रतिशत ५३.४

रहेको छ । यसरी प्रतिशतका आधारमा हेर्दा पनि 'वायुमण्डलीय चक्र' वस्तुवर्णनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता राम्रो देखिन्छ । यसै गरी मानक विचलनका आधारमा तुलना गर्दा पनि सामुदायिक विद्यालयका १५.१२ र संस्थागत विद्यालयको १३.८५ छ समग्रमा 'वायुमण्डलीय चक्र' वस्तुवर्णनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमताको तुलनात्मक विश्लेषण गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता राम्रो रहेको पाइन्छ ।

### ४.२.४ सामुदायिक विद्यालयका विद्यार्थीहरूको 'गाई' वस्तुवर्णन क्षमताको स्थिति

तलको तालिकामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको 'गाई' वस्तुवर्णन क्षमता निम्नानुसार देखाइएको छ :

**तालिका नं. ४.१५**

**सामुदायिक विद्यालयका विद्यार्थीहरूको 'गाई' वस्तुवर्णन क्षमता**

| वि.सं. | पूर्णाङ्क | मध्यमान | मानक विचलन | औसत प्रतिशत | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | सं. | प्र. | सं. | प्र. | सं. | प्र. |
| ५० | १०० | ५३.२ | १४.५९ | ५३.२ | २१ | ४२ | २९ | ५८ | ५० | १०० |

माथिको तालिकाअनुसार सामुदायिक विद्यालयका कुल ५० जना विद्यार्थीहरूले 'गाई' वस्तुवर्णनका आधारमा प्राप्त गरेको प्रप्ताङ्कको मध्यमान ५३.२, मानक विचलन १४.५९ र औसत प्रतिशत ५३.२ पाइयो उक्त परिक्षणमा मध्यमानभन्दा माथि रहेका विद्यार्थीहरूको २१ अर्थात् ४२ प्रतिशत र मध्यमानभन्दा तल रहेका विद्यार्थीहरूको सङ्ख्या २९ अर्थात् ५८ प्रतिशत रहेको पाइयो । प्राप्त तथ्याङ्क अनुसार 'गाई' वस्तुवर्णनमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

### ४.२.५ संस्थागत विद्यालयका विद्यार्थीहरूको 'गाई' वस्तुवर्णन क्षमताको स्थिति

तलको तालिकामा संस्थागत विद्यालयका विद्यार्थीहरूको 'गाई' वस्तुवर्णन क्षमता निम्नानुसार देखाइएको छ :

**तालिका नं. ४.१६**

**संस्थागत विद्यालयका विद्यार्थीहरूको 'गाई' वस्तुवर्णन क्षमता**

| वि.सं. | पूर्णाङ्क | मध्यमान | मानक विचलन | औसत प्रतिशत | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | सं. | प्र. | सं. | प्र. | सं. | प्र. |
| ५० | १०० | ५६.९ | १२.६९ | ५६.९ | २७ | ५४ | २३ | ४६ | ५० | १०० |

माथिको तालिकाअनुसार संस्थागत विद्यालयका कुल ५० जना विद्यार्थीहरूले 'गाई' वस्तुवर्णनका आधारमा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ५६.९, मानक विचलन १२.६९ र औसत प्रतिशत ५६.९ पाइयो उक्त परीक्षणमा मध्यमानभन्दा माथि रहेका विद्यार्थीहरूको सङ्ख्या २७ अर्थात् ५४ प्रतिशत र मध्यमानभन्दा तल रहेका विद्यार्थीहरूको सङ्ख्या २३ अर्थात् ४६ प्रतिशत रहेको पाइयो । प्राप्त तथ्याङ्कअनुसार 'गाई' वस्तुवर्णनमा संस्थागत विद्यालयका विद्यार्थीहरूको लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

### ४.२.६ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको 'गाई' वस्तुवर्णन क्षमताको तुलना

तलको तालिकामा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको 'गाई' वस्तुवर्णन क्षमता निम्नानुसार देखाइएको छ :

**तालिका नं. ४.१७**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको 'गाई' वस्तुवर्णन क्षमताको तुलना**

| विद्यालयको प्रकृति | विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | औसत प्रतिशत | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | सं. | प्र. | सं. | प्र. | सं. | प्र. |
| सामुदायिक | ५० | १०० | ५३.२ | १४.५९ | ५३.२ | २१ | ४२ | २९ | ५८ | ५० | १०० |
| संस्थागत | ५० | १०० | ५६.९ | १२.६९ | ५६.९ | २७ | ५४ | २३ | ४६ | ५० | १०० |

'गाई' वस्तुवर्णनका आधारमा वस्तुवर्णन क्षमतालाई सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनात्मक विश्लेषण गर्दा सामुदायिक विद्यालयका विद्यार्थीको मध्यमान ५३.२ र संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान ५६.९ पाइयो । यस

अनुसार 'गाई' वस्तुवर्णन क्षमतामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता राम्रो देखिन्छ । त्यस्तै सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क औसत प्रतिशत ५३.२ रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क औसत प्रतिशत ५६.९ रहेको छ । यसरी प्रतिशतका आधारमा हेर्दा पनि 'गाई' वस्तुवर्णनमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता राम्रो देखिन्छ । यसैगरी मानक विचलनका आधारमा तुलना गर्दा पनि सामुदायिक विद्यालयको १४.५९ र संस्थागत विद्यालयको १२.६९ छ । यसरी हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कमा बढी विचलन पाइन्छ । समग्रमा 'गाई' वस्तुवर्णनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमताको तुलनात्मक विश्लेषण गर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता राम्रो रहेको पाइन्छ ।

### ४.२.७ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको 'वायुमण्डलीय चक्र' र 'गाई' वस्तुवर्णन क्षमताको तुलना

तलको तालिकामा सामुदायिक र सस्थागत विद्यालयका विद्यार्थीहरूको 'वायुमण्डलीय चक्र' र 'गाई' वस्तुवर्णन क्षमता निम्नानुसार  देखाइएको छ :

**तालिका नं. ४.१८**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमताको तुलना**

| विद्यालयको प्रकृति | कुल सङ्ख्या | वायुमण्डलीय चक्र | | | गाई | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | मध्यमान | मानक विचलन | प्रतिशत | मध्यमान | मानक विचलन | प्रतिशत | मध्यमान | मानक विचलन |
| सामुदायिक | ५० | ५१.३४ | १५.१२ | ५१.३४ | ५३.२ | १४.५९ | ५३.२ | १०४.५४ | २९.७१ |
| संस्थागत | ५० | ५३.४ | १३.८५ | ५३.४ | ५६.९ | १२.६९ | ५६.९ | ११०.३ | २६.५४ |


माथिको तालिकामा 'वायुमण्डलीय चक्र' र 'गाई' दुबै प्रकारका वस्तुवर्णनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमताको विश्लेषण गरिएको छ । 'वायुमण्डलीय चक्र' वस्तुवर्णनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान र औसत प्रतिशत ५१.३४ र संस्थागत विद्यालयका विद्यार्थीहरूको

मध्यमान र औसत प्रतिशत ५३.४ रहेको छ । यसबाट ‘वायुमण्डलीय चक्र’ वस्तुवर्णनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता राम्रो रहेको स्पस्ट हुन्छ । यसैगरी ‘वायुमण्डलीय चक्र’ वस्तुवर्णनका आधारमा मानक विचलनलाई हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मानक विचलन १५.१२ र संस्थागत विद्यालयका विद्यार्थीहरूको मानक विचलन १३.८५ रहेको छ । यसरी संस्थागत विद्यालयका विद्यार्थीहरूको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मानक विचलन धेरै हुनाले संस्थागत विद्यालयका विद्यार्थीहरूको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमतामा बढी विचलन भएको पाइन्छ ।

‘गाई’ वस्तुवर्णनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान र औसत प्रतिशत ५३.२ र संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान र औसत प्रतिशत ५६.९ रहेको छ । यसबाट ‘गाई’ वस्तुवर्णनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता राम्रो रहेको स्पस्ट हुन्छ । यसैगरी ‘गाई’ वस्तुवर्णनका आधारमा मानक विचलनलाई हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मानक विचलन १४.५९ र संस्थागत विद्यालयका विद्यार्थीहरूको मानक विचलन १२.६९ रहेको छ । यसरी संस्थागत विद्यालयका विद्यार्थीहरूको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मानक विचलन धेरै हुनाले संस्थागत विद्यालयका विद्यार्थीहरूको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको लेखन क्षमतामा बढी विचलन भएको पाइन्छ । समग्रमा भन्नुपर्दा ‘वायुमण्डलीय चक्र’ र ‘गाई’ दुवै प्रश्नका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता राम्रो भएको पाइन्छ । माथिको तालिकालाई तलको दण्ड रेखाबाट अझ स्पष्ट पार्न सकिन्छ :

### चित्र नं. ४.१

### सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमताको तुलना




### ४.२.८ समग्रमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमताको तुलना

तलको तालिकामा समग्र सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमताको तुलना निम्नानुसार देखाइएको छ :

### तालिका नं. ४.१९

### समग्र सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमताको तुलना


| विद्यालयको प्रकृति | विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | औसत प्रतिशत | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | सं. | प्र. | सं. | प्र. | सं. | प्र. |
| सामुदायिक | ५० | २०० | १०४.३२ | २९.७१ | ५३.२ | २७ | ५४ | २३ | ४६ | ५० | १०० |
| संस्थागत | ५० | | ११०.३ | २६.५४ | ५६.९ | ३४ | ६८ | १६ | ३२ | ५० | १०० |

माथिको तालिकामा 'वायुमण्डलीय चक्र' र 'गाई' दुबै प्रकारका वस्तुवर्णनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमताको विश्लेषण गरिएको छ । तालिकाअनुसार सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान १०४.३२ रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान ११०.३ रहेको छ । यसरी हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मानक विचलन २९.७१ र संस्थागत विद्यालयका विद्यार्थीहरूको मानक विचलन २६.५४ रहेको छ । यसरी हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कमा बढी विचलन पाइन्छ । त्यस्तै सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कमा मध्यमानभन्दा माथि ल्याउने विद्यार्थी सङ्ख्या २७ अर्थात् ५४ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कमा मध्यमानभन्दा माथि ल्याउने विद्यार्थी जम्मा सङ्ख्या ३४ अर्थात् ६८ प्रतिशत रहेका छन् । समग्रमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमताको तुलनात्मक विश्लेषण गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता राम्रो देखिन्छ ।

मध्यमानका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमतालाई वृत्त चित्रमा प्रस्तुत गर्न सकिन्छ :

**चित्र नं. ४.२**

**समग्र सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमताको तुलना**



## ४.३ लैङ्गिकताका आधारमा वस्तुवर्णन क्षमताको स्थिति

तलको तालिकामा लैङ्गिकताका आधारमा वस्तुवर्णन क्षमता निम्नानुसार देखाइएको छ :

### ४.३.१ छात्रहरूको 'वायुमण्डलीय चक्र' वस्तुवर्णन क्षमताको स्थिति

**तालिका नं. ४.२०**

**छात्रहरूको 'वायुमण्डलीय चक्र' वस्तुवर्णन क्षमताको स्थिति**

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | औसत प्रतिशत | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | सं. | प्र. | सं. | प्र. | सं. | प्र. |
| ५० | १०० | ५०.१२ | १५.०८ | ५०.१२ | २६ | ५२ | २४ | ४८ | ५० | १०० |

माथिको तालिकाअनुसार छात्रहरूको कुल सङ्ख्या ५० मा 'वायुमण्डलीय चक्र' वस्तुवर्णनका आधारमा विद्यार्थीहरूको प्राप्ताङ्क मध्यमान ५०.१२, मानक विचलन १५.०८ र औसत प्रतिशत ५०.१२ रहेको पाइयो । सो परीक्षणमा मध्यमानभन्दा माथि रहेका विद्यार्थीहरूको सङ्ख्या २६ अर्थात् ५२ प्रतिशत र मध्यमानभन्दा तल रहेका विद्यार्थीहरूको सङ्ख्या २४ अर्थात् ४८ प्रतिशत रहेको पाइयो । प्राप्त तथ्याङ्कअनुसार छात्रहरूको 'वायुमण्डलीय चक्र' वस्तु वर्णन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

### ४.३.२ छात्राहरूको 'वायुमण्डलीय चक्र' वस्तुवर्णन क्षमताको स्थिति

तलको तालिकामा छात्राहरूको 'वायुमण्डलीय चक्र' वस्तुवर्णन क्षमता निम्नानुसार देखाइएको छ :

**तालिका नं. ४.२१**

**छात्राहरूको 'वायुमण्डलीय चक्र' वस्तुवर्णन क्षमताको स्थिति**

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | औसत प्रतिशत | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | सं. | प्र. | सं. | प्र. | सं. | प्र. |
| ५० | १०० | ५४.०८ | १५.६१ | ५४.०८ | २७ | ५४ | २३ | ४६ | ५० | १०० |

माथिको तालिकाअनुसार छात्राहरूको कुल सङ्ख्या ५० मा 'वायुमण्डलीय चक्र' वस्तुवर्णनका आधारमा विद्यार्थीहरूको प्राप्ताङ्क मध्यमान ५४.०८, मानक विचलन १५.६१ र औसत प्रतिशत ५४.०८ रहेको पाइयो । सो परीक्षणमा मध्यमानभन्दा माथि रहेका विद्यार्थीहरूको सङ्ख्या २७ अर्थात् ५४ प्रतिशत र मध्यमानभन्दा तल रहेका विद्यार्थीहरूको सङ्ख्या २३ अर्थात् ४६ प्रतिशत रहेको पाइयो । प्राप्त तथ्याङ्कअनुसार छात्राहरूको 'वायुमण्डलीय चक्र' वस्तुवर्णन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

### ४.३.३ छात्र र छात्राहरूको 'वायुमण्डलीय चक्र' वस्तुवर्णन क्षमताको तुलना

तलको तालिकामा छात्र र छात्राहरूको 'वायुमण्डलीय चक्र' वस्तुवर्णन क्षमता निम्नानुसार देखाइएको छ :

**तालिका नं. ४.२२**

**छात्र र छात्राहरूको 'वायुमण्डलीय चक्र' वस्तुवर्णन क्षमताको तुलना**

| लैङ्गिकता | विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | औसत प्रतिशत | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | सं. | प्र. | सं. | प्र. | सं. | प्र. |
| छात्र | ५० | १०० | ५०.१२ | १५.०८ | ५०.१२ | २६ | ५२ | २४ | ४८ | ५० | १०० |
| छात्रा | ५० | १०० | ५४.०८ | १५.६१ | ५४.०८ | २७ | ५४ | २३ | ४६ | ५० | १०० |

माथिको तालिकामा 'वायुमण्डलीय चक्र' वस्तुवर्णनका आधारमा विद्यार्थीहरूको प्राप्ताङ्कअनुसार छात्र र छात्राहरूको तुलनात्मक रूपमा विश्लेषण गर्दा छात्रहरूको मध्यमान ५०.१२ र छात्राहरूको मध्यमान ५४.०८ पाइयो । यसअनुसार 'वायुमण्डलीय चक्र' वस्तुवर्णनका आधारमा छात्रहरूको भन्दा छात्राहरूको वस्तुवर्णन क्षमता राम्रो देखिन्छ । त्यस्तै छात्रहरूको प्राप्ताङ्क औसत प्रतिशत ५०.१२ रहेको छ भने छात्राहरूको प्राप्ताङ्क औसत प्रतिशत ५४.०८ रहेको छ । यसअनुसार छात्रको भन्दा छात्राको वस्तुवर्णन क्षमता राम्रो देखिन्छ । यसरी हेर्दा 'वायुमण्डलीय चक्र' वस्तुवर्णन क्षमतामा छात्रको भन्दा छात्राको राम्रो देखिन्छ । यसैगरी मानक विचलनलाई तुलना गर्दा छात्रको १५.०८ र छात्राको १५.६१ छ । यसअनुसार छात्राहरूको वस्तुवर्णन क्षमता छात्रको तुलनामा उच्च रहेपनि

छात्रको प्राप्ताङ्कभन्दा छात्राको 'वायुमण्डलीय चक्र' वस्तुवर्णनका आधारमा तुलनात्मक विश्लेषण गर्दा छात्रहरूभन्दा छात्राहरूको वस्तुवर्णन क्षमता राम्रो देखिन्छ ।

### ४.३.४ छात्रहरूको 'गाई' वस्तुवर्णन क्षमताको स्थिति

तलको तालिकामा छात्रको 'गाई' वस्तुवर्णन क्षमता निम्नानुसार देखाइएको छ :

**तालिका नं. ४.२३**

**छात्रहरूको 'गाई' वस्तुवर्णन क्षमताको स्थिति**

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | औसत प्रतिशत | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | सं. | प्र. | सं. | प्र. | सं. | प्र. |
| ५० | १०० | ५६.१२ | १४.७२ | ५६.१२ | २८ | ५६ | २२ | ४४ | ५० | १०० |

माथिको तालिकाअनुसार छात्रहरूको कुल सङ्ख्या ५० मा 'गाई' वस्तुवर्णनका आधारमा विद्यार्थीहरूको प्राप्ताङ्क मध्यमान ५६.१२, मानक विचलन १४.७२ र औसत प्रतिशत ५६.१२ रहेको पाइयो । उक्त परीक्षणमा मध्यमानभन्दा माथि रहेका विद्यार्थीहरूको सङ्ख्या २८ अर्थात् ५६ प्रतिशत र मध्यमानभन्दा तल रहेका विद्यार्थीहरूको सङ्ख्या २२ अर्थात् ४४ प्रतिशत रहेको पाइयो । प्राप्त तथ्याङ्कअनुसार छात्रहरूको 'गाई' वस्तुवर्णन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

### ४.३.५ छात्राहरूको 'गाई' वस्तुवर्णन क्षमताको स्थिति

तलको तालिकामा छात्राहरूको 'गाई' वस्तुवर्णन क्षमता निम्नानुसार देखाइएको छ :

**तालिका नं. ४.२४**

**छात्राहरूको 'गाई' वस्तुवर्णन क्षमताको स्थिति**

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | औसत प्रतिशत | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | सं. | प्र. | सं. | प्र. | सं. | प्र. |
| ५० | १०० | ५८.०२ | १२.२ | ५८.०२ | २७ | ५४ | २३ | ४६ | ५० | १०० |

माथिको तालिकाअनुसार छात्राहरूको कुल सङ्ख्या ५० मा 'गाई' वस्तुवर्णनका आधारमा विद्यार्थीहरूको प्राप्ताङ्क मध्यमान ५८.०२, मानक विचलन १२.२ र औसत प्रतिशत ५८.०२ रहेको पाइयो । उक्त परीक्षणमा मध्यमानभन्दा माथि रहेका विद्यार्थीहरूको सङ्ख्या २७ अर्थात् ५४ प्रतिशत र मध्यमानभन्दा तल रहेका विद्यार्थीहरूको सङ्ख्या २३ अर्थात् ४६ प्रतिशत रहेको पाइयो । प्राप्त तथ्याङ्कअनुसार छात्राहरूको 'वायुमण्डलीय चक्र' वस्तुवर्णन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

### ४.३.६ छात्र र छात्राहरूको 'गाई' वस्तुवर्णन क्षमताको तुलना

तलको तालिकामा छात्र र छात्राहरूको 'गाई' वस्तुवर्णन क्षमता निम्नानुसार देखाइएको छ :

**तालिका नं. ४.२५**

**छात्र र छात्राहरूको 'गाई' वस्तु वर्णनक्षमताको तुलना**

| लैङ्गिकता | विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | औसत प्रतिशत | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | सं. | प्र. | सं. | प्र. | सं. | प्र. |
| छात्र | ५० | १०० | ५६.१२ | १४.७२ | ५६.१२ | २८ | ५६ | २२ | ४४ | ५० | १०० |
| छात्रा | ५० | १०० | ५८.०२ | १२.२ | ५८.०२ | २७ | ५४ | २३ | ४६ | ५० | १०० |

माथिको तालिकाको छात्र र छात्राले प्राप्त गरेको प्राप्ताङ्लाई तुलनात्मक रूपमा विश्लेषण गर्दा छात्रहरूको मध्यमान ५६.१२ र छात्राहरूको मध्यमान ५८.०२ पाइयो । यसअनुसार 'गाई' वस्तुवर्णनका आधारमा छात्रको भन्दा छात्राको वस्तुवर्णन क्षमता केही राम्रो देखिन्छ । त्यस्तै छात्रहरूको प्राप्ताङ्क औसत प्रतिशत ५६.१२ रहेको छ भने छात्राहरूको प्राप्ताङ्क औसत प्रतिशत ५८.०२ रहेको छ । यसअनुसार छात्रको भन्दा छात्राको वस्तुवर्णन क्षमता केही राम्रो देखिन्छ । यसैगरी मानक विचलनलाई तुलना गर्दा पनि छात्रको १४.७२ र छात्राको १२.२ छ । अर्थात् छात्राहरूको भन्दा छात्रहरूको प्राप्ताङ्कमा बढी विचलन पाइयो । यसरी 'गाई' वस्तुवर्णन प्रश्नका आधारमा छात्र र छात्राको तुलनात्मक रूपमा विश्लेषण गर्दा छात्रहरूभन्दा छात्राहरूको वस्तुवर्णन क्षमता राम्रो रहेको देखिन्छ ।

### ४.३.७ छात्र र छात्राहरूको 'वायुमण्डलीय चक्र' र 'गाई' वस्तुवर्णन क्षमताको तुलना

तलको तालिकामा छात्र र छात्राहरूको 'वायुमण्डलीय चक्र' र 'गाई' वस्तुवर्णन क्षमता निम्नानुसार देखाइएको छ :

**तालिका नं. ४.२६**


**छात्र छात्राहरूको 'वायुमण्डलीय चक्र' र 'गाई' वस्तुवर्णन क्षमताको तुलना**

| विद्यालयको प्रकृति | कुल सङ्ख्या | वायुमण्डलीय चक्र | | | गाई | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | मध्यमान | मानक विचलन | प्रतिशत | मध्यमान | मानक विचलन | प्रतिशत | मध्यमान | मानक विचलन |
| छात्र | ५० | ५०.१२ | १५.०८ | ५०.१२ | ५६.१२ | १४.७२ | ५६.१२ | १०६.२४ | २९.८ |
| छात्रा | ५० | ५४.०८ | १५.६१ | ५४.०८ | ५८.२ | १२.२ | ५८.२ | ११२.२८ | २७.८१ |

माथिको तालिकामा 'वायुमण्डलीय चक्र' र ' गाई' वस्तुवर्णनका आधारमा छात्र र छात्राहरूको वस्तुवर्णन क्षमताको विश्लेषण गरिएको छ । प्राप्ताङ्कअनुसार 'वायुमण्डलीय चक्र' वस्तुवर्णनका आधारमा छात्रको मध्यमान ५०.१२ छात्राको मध्यमान ५४.०८ रहेको छ । यसबाट 'वायुमण्डलीय चक्र' वस्तुवर्णनका आधारमा छात्रको भन्दा छात्राको वस्तुवर्णन क्षमता राम्रो रहेको स्पस्ट हुन्छ । त्यसैगरी 'वायुमण्डलीय चक्र' वस्तुवर्णनका आधारमा मानक विचलनलाई हेर्दा छात्रको मानक विचलन १५.०८ र छात्राको मानक विचलन १५.६१ रहेको छ । यसरी छात्रको भन्दा छात्राको मानक विचलन धेरै हुनाले छात्रको भन्दा छात्राको वस्तुवर्णन क्षमतामा बढी विचलन भएको पाइन्छ । त्यस्तै 'गाई' वस्तुवर्णनमा पनि छात्रको प्राप्ताङ्कको मध्यमान ५६.१२ र छात्राको मध्यमान ५८.२ रहेको छ । यसबाट 'गाई' वस्तुवर्णनका आधारमा पनि छात्रको भन्दा छात्राको वस्तुवर्णन क्षमता राम्रो रहेको स्पस्ट हुन्छ । त्यसैगरी 'गाई' वस्तुवर्णनका आधारमा मानक विचलनलाई हेर्दा छात्रको १४.७२ र छात्राको १२.२ रहेकाले छात्रको भन्दा छात्राको मानक विचलन कम देखिन्छ । समग्रमा भन्नुपर्दा 'वायुमण्डलीय चक्र' र 'गाई' दुबै वस्तुवर्णनमा छात्रको भन्दा छात्राको लेखन क्षमता राम्रो देखिन्छ । माथिको तालिकालाई दण्ड रेखाबाट निम्नानुसार देखाउन सकिन्छ :

## चित्र नं. ४.३

## छात्र र छात्राको 'वायुमण्डलीय चक्र' र 'गाई' वस्तुवर्णन क्षमताको तुलना




### ४.३.८ समग्रमा छात्र छात्राको वस्तुवर्णन क्षमताको तुलना

तलको तालिकामा छात्र र छात्राको समग्रमा वस्तुवर्णन क्षमता र तुलना निम्नानुसार देखाइएको छ :

## तालिका नं. ४.२७

## समग्र छात्र र छात्राको वस्तुवर्णन क्षमताको तुलना

| लैङ्गिकता | विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | औसत प्रतिशत | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | सं. | प्र. | सं. | प्र. | सं. | प्र. |
| छात्र | ५० | २०० | १०६.२४ | २९.८ | ५६.१२ | २८ | ५६ | २२ | ४४ | ५० | १०० |
| छात्रा | ५० | | ११२.२८ | २७.८१ | ५८.१२ | २७ | ५४ | २३ | ४६ | ५० | १०० |


माथिको तालिकामा 'वायुमण्डलीय चक्र' र 'गाई' दुबै प्रकारका वस्तुवर्णनका आधारमा छात्र र छात्राको वस्तुवर्णन क्षमताको विश्लेषण गरिएको छ । तालिकाअनुसार

छात्रको मध्यमान १०६.२४ रहेको छ भने छात्राको मध्यमान ११२.२८ रहेको छ । यसरी हेर्दा छात्रको वस्तुवर्णन क्षमताभन्दा छात्राको वस्तुवर्णन क्षमता राम्रो देखिन्छ । त्यस्तै छात्रको मानक विचलन २९.८ र छात्राको मानक विचलन २७.८१ रहेकाले छात्रको भन्दा छात्राको मानक विचलन कम देखिन्छ । यस्तै छात्रको प्राप्ताङ्कमा मध्यमानभन्दा माथि ल्याउने छात्रहरू २८ अर्थात् ५६ प्रतिशत र मध्यमानभन्दा तल २२ अर्थात् ४४ प्रतिशत  छ । दुबै वस्तुवर्णनका आधारमा तुलनात्मक विश्लेषण गरी हेर्दा छात्रको भन्दा छात्राको वस्तुवर्णन क्षमता राम्रो देखिन्छ ।

मध्यमानका आधारमा छात्र र छात्राहरूको वस्तुवर्णन क्षमतालाई वृत्त चित्रमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**चित्र नं. ४.४**

**समग्रमा छात्र र छात्राको वस्तुवर्णन क्षमताको तुलना**



# अध्याय पाँच

# सारांश, निष्कर्ष तथा उपयोगिता

## ५.१ सारांश

कक्षा तिनका अध्ययनरत विद्यार्थीहरूको वस्तुवर्णन क्षमता पत्ता लगाउन गरिएको यस अध्ययनमा बझाङ जिल्लाका कक्षा तिनका विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिई १० वटा विद्यालयहरू बाट प्रति विद्यालय १० जना विद्यार्थीहरूका दरले जम्मा १०० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा लिएर परीक्षण गरिएको थियो । नमुना छनोटमा परेका १०० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा 'वायुमण्डलीय चक्र' र 'गाई' सम्बन्धी वस्तुवर्णनका शीर्षकहरू प्रश्नका रूपमा प्रस्तुत गरी परीक्षण गरिएको थियो । परीक्षणबाट प्राप्त तथ्याङ्कबाट छात्र र छात्रा, सामुदायिक र संस्थागत र सहरी र ग्रामीण क्षेत्रका विद्यार्थीहरूका आधारमा विश्लेषण गरिएको थियो । उक्त परीक्षणबाट प्राप्त नतिजाहरूको व्याख्या तथा विश्लेषणबाट प्राप्त भएका तथ्याङ्कका आधारमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ५.२ निष्कर्ष

- 'वायुमण्डलीय चक्र' वस्तुवर्णनका आधारमा छात्र र छात्राको तुलनात्मक विश्लेषण गर्दा छात्रहरूको प्राप्ताङ्कको मध्यमान ५०.१२ र छात्राहरूको प्राप्ताङ्कको मध्यमान ५४.०८ रहेकाले छात्रहरूको भन्दा छात्राहरूको वस्तुवर्णन क्षमता राम्रो रहेको पाइयो ।
- 'गाई' वस्तुवर्णनका आधारमा तुलनात्मक विश्लेषण गर्दा छात्रहरूको प्राप्ताङ्कको मध्यमान ५६.१२ र छात्राहरूको प्राप्ताङ्कको मध्यमान ५८.०२ रहेकाले छात्रहरूको भन्दा छात्राहरूको वस्तुवर्णन क्षमता राम्रो रहेको पाइयो ।
- 'वायुमण्डलीय चक्र' र 'गाई' दुबै वस्तुवर्णनको आधारमा समग्रमा तुलनात्मक विश्लेषण गर्दा छात्रहरूको प्राप्ताङ्कको मध्यमान १०६.२४ र छात्राहरूको प्राप्ताङ्कको मध्यमान ११२.२८ रहेकाले छात्रहरूभन्दा छात्राहरूको वस्तुवर्णन क्षमता राम्रो रहेको पाइयो ।

- ‘वायुमण्डलीय चक्र’ वस्तुवर्णनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनात्मक विश्लेषण गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान ५१.३४ र संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान ५३.४ रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता राम्रो रहेको पाइयो ।
- ‘गाई’ वस्तुवर्णनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनात्मक विश्लेषण गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान ५३.२ र संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान ५६.९ रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता राम्रो रहेको पाइयो ।
- ‘वायुमण्डलीय चक्र’ र ‘गाई’ दुबै वस्तुवर्णनको आधारमा समग्रमा तुलनात्मक विश्लेषण गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान १०४.५४ र संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान ११०.३ रहेकाले समुदायिक विद्यालयका विद्यार्थीहरूभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता राम्रो रहेको पाइयो ।
- समग्र रूपमा प्राप्त तथ्यङ्कलाई छात्र र छात्रा संस्थागत र सामुदायिक क्षेत्रका सबै विद्यार्थीहरूको प्राप्ताङ्कका आधारमा विश्लेषण गर्दा विद्यार्थीको ‘वायुमण्डलीय चक्र’ र ‘गाई’ वस्तुवर्णन क्षमता सन्तेषजनक रहेको पाइयो

## ५.३ सुझावहरू

‘बझाङ जिल्लाका कक्षा तिनमा अध्ययनरत विद्यार्थीहरूको वस्तुवर्णन क्षमताको अध्ययन’ र विश्लेषण गर्दा उनिहरूको वस्तुवर्णन क्षमता सुधारका लागि निम्नलिखित सुझावहरू प्रस्तुत गरिएको छ :

- भाषिक क्षमताको विकास गराउन कक्षा शिक्षणमा विविधताको साथै वस्तुवर्णन सम्बन्धी क्रियाकलाप समावेश गराउनु आवश्यक हुन्छ ।
- सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूको वस्तुवर्णन क्षमता अभिबृद्धि गर्नका लागि उक्त विद्यालयका विद्यार्थीहरूको बढी चापलाई नियन्त्रण गरी कक्षा

समूह समूह गरी विभिन्न सन्दर्भ सामग्री, पत्रपत्रिका आदिको व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

- विद्यालयको तल्लो तहमा निगमनात्मक विधि लाई प्राथमिकता दिई घोकन्ते विधि अपनाई कक्षा शिक्षण गर्ने परिपाटिलाई अन्त्य गर्नु पर्ने देखिन्छ ।
- भाषाका चार सिपहरू मध्ये लेखाई आधार सिपहरूको विकसित रूप हो यही विकसित रूप लेखाइसिपको विकास गर्न जग निर्माण गर्ने कार्य अनुच्छेद लेखनबाट हुन्छ भने वस्तुवर्णनबाट लेखन कला प्रौढ र उत्कृस्टतातिर पुग्न महत्त्वपूर्ण मार्ग बन्दछ । अतः यसलाई विद्यार्थीहरूलाई स्तर अनुकूल वस्तुवर्णन दिई नेपाली भाषा शिक्षणका क्रममा अनिवार्य रूपमा वस्तुवर्णन अभ्यास गराउनु पर्छ ।
- वस्तुवर्णनको सैद्धान्तिक परिचयलाई समेत भाषा पाठ्यपुस्तकमा समावेश गर्दै विधि प्रक्रिया र तरिका समेतको शिक्षण गर्नु पर्दछ । यसले गर्दा विद्यार्थीहरूमा वस्तुवर्णन क्षमता अभिबृद्धि गराउन सकिन्छ ।
- अभिव्यक्ति कलाको उत्कृस्ट माध्यम वस्तुवर्णन भएकाले यसलाई पाठ्यपुस्तकको नमुना अभ्यासमा समावेश गरिनु पर्दछ, जसमा विद्यार्थीहरू हेरेर वर्णन गरी लेख्न सक्छन ।
- प्राथमिक तह देखि नै वस्तुवर्णनलाई मात्र शिक्षण नगरी लिखित वस्तुवर्णन शिक्षणलाई पनि विशेष जोड दिने खालका पाठ्पुस्तक छनोट र स्तरण गरिनु पर्दछ ।
- वस्तुवर्णन क्षमता विकासका लागि केवल भाषा पाठ्यपुस्तकमा मात्र केन्द्रित नभई समय परिस्थिति र सन्दर्भ अनुकूलका सामग्रीहरू जस्तैः पत्रपत्रिका लेख रचना सामग्रीहरू, सहायक पाठ्यपुस्तकमा दिइएका चित्र तथा वस्तुहरूलाई उपयोगमा ल्याई अभ्यास गराउनु पर्दछ ।
- विद्यार्थीहरूलाई परिचित वस्तु वा चित्र दिई कक्षा कार्य गृहकार्यका रूपमा पनि वस्तुवर्णन लेखन क्षमता गरिनु पर्दछ । कक्षा शिक्षणका क्रममा वस्तु वा चित्र दिएर त्यसलाई वर्णन गर्न लगाई वस्तुवर्णन अभ्यास गराउन सकिन्छ । यसबाट लेखन सिपको विकास गर्न धेरै सहयोग पुग्दछ ।

- सामुदायिक विद्यालयमा रहेको लापरवाही ढिला सुस्ती अनुशासन हीनता अन्त्य गरिनु पर्छ साथै संस्थागत विद्यालयले विषयलाई भावले हेर्ने दृष्टिकोणमा परिवर्तन गरिनु पर्छ ।
- विद्यार्थीहरूलाई कुनै पनि कुराहरू शिक्षण गर्दा विद्यार्थीको बुद्धि, ज्ञान, क्षमताले भ्याएसम्म मात्र शिक्षण गर्नुपर्छ वा विद्यार्थी मैत्री शिक्षणलाई जोड दिनु पर्छ ।

## ५.४ शैक्षिक र नीतिगत उपयोगिता

भाषाका दुई रूप मौखिक र लिखित हुन् । मौखिक रूप मूल रूप हो भने लिखित चाहिँ विकसित रूप हो । यही विकसित रूप लेखन कला भाषिक सिपहरू (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) मध्ये सबैभन्दा स्तरीय भाषिक सिप हो । लेखाइ सिपका माध्यमबाट नै मानिसहरूले आफ्नो मौखिक अभिव्यक्तिलाई लिखित अभिव्यक्तिमा ढाली उत्कृस्टता प्रदर्शन गरेको हुन्छ । यही लिखित वा मौखिक अभिव्यक्ति प्रदर्शन गर्ने एक उत्कृस्ट माध्यम वस्तुवर्णन क्षमता पनि हो । वस्तुवर्णन क्षमताले व्यक्तिको सिर्जनात्मकता, मौलिकता, क्षमता, दक्षता आदि सिपहरूको विकास गर्दछ । त्यसैले यस अध्ययनको शैक्षिणिक प्रयोजन निम्नलिखित छन् :

- वस्तुवर्णन लेखन क्षमताको स्तर मापनका लागि सहयोग मिल्ने छ,
- नेपाली भाषा पाठ्यक्रम निर्माण गर्दा परिस्कार र परिमार्जन गर्न सहयोग मिल्ने छ,
- प्रस्तुत अध्ययनबाट भाषा पाठ्यक्रममा समावेश गरिने भाषिक सिपका उद्देश्य पूरा हुने गरी विधागत छनोट तथा क्षेत्र निर्धारण गर्न सहयोग पुग्ने छ ,
- यस अध्ययनबाट प्राथमिक तहका पाठ्यपुस्तकहरू निर्माण गर्दा विद्यार्थीहरूका मनोविज्ञानलाई ख्याल गरी पाठ्यपुस्तक निर्माण गर्नका लागि मार्गदर्शक बन्ने छ,
- लेखाइ क्षमताको उचित मूल्याङ्कन गर्न सहयोग मिल्ने छ,
- प्राय जसो तल्ला कक्षाहरूमा वस्तुवर्णन गर्न लगाई त्यसमा भएका कुराहरू आफ्नो शैलीमा लेख्न लगाउनाले शिक्षणको आश्यकता तथा महत्त्वको बोध गराउने छ,
- भाषा पाठ्यपुस्तकको अभ्यास खण्डमा सिर्जनात्मक अभ्यासको आवश्यकता बारे बोध गराउने छ,

- यस अध्ययनबाट आधारभूत कक्षाहरूको भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तकमा रहेका कमजोरी सुधार गर्न सहयोग पुग्ने छ,
- वस्तुवर्णनको विधि प्रक्रिया र तरिका बारेमा बोध गराउने छ,
- भाषा शिक्षण विधि तथा पद्धतिहरूमा पनि थप सहयोग गर्ने छ,
- वस्तुवर्णन शिक्षणको महत्त्व तल्ला कक्षाहरूमा झन बढी रहेको कुरा बोध गराउने छ,
- भाषा पाठ्यपुस्तक निर्माण गर्दा समाविष्ट गरिने भषिक सिपहरू विद्यार्थीको क्षेत्र, लिङ्ग, भाषिक पृष्ठभूमि, उमेर आदि कुराहरूलाई मध्ये नजर गरी समावेश गर्नु पर्ने कुरामा सचेत गराउँछ,
- परिवर्तित समय र सन्दर्भ अनुकूल यस अध्ययनको सहयोगबाट पछिल्ला चरणहरूमा पनि यससँग सम्वन्धित र निकटवर्ती शीर्षकमा अनुसन्धान गर्न चाहनेहरूका लागि मार्गदर्शक बन्ने छ

## ५.५ भावी अनुसन्धानका शीर्षक

- प्राथमिक तहका विद्यार्थीहरूको वस्तुवर्णन क्षमतामा हुने त्रुटिहरूको अध्ययन,
- शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिताको अध्ययन,
- वस्तुवर्णन शिक्षण गर्दा अपनाइने कार्यकलापको अध्ययन,
- लेखाइ सिप विकासका सन्दर्भमा वस्तुवर्णन शिक्षणको प्रभावकारिताको अध्ययन ।